सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ मंसिर २०८२, शनिबार (13 Dec 2025, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २३३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ जेन-जी घाइतेको उपचार खर्च

२२ अस्पतालले पेस गरे साढे सात करोडको बिल

देशभरका ७८ अस्पतालमा आन्दोलनका घाइतेको उपचार, ५६ अस्पतालबाट खर्चको विवरण आउनै बाँकी

सबै घाइतेको उपचारमा एक अर्ब ५० लाखहाराहारी खर्च भएको अनुमान



फाइल तस्बिर



● **डा. प्रकाश बुढाथोकी**
प्रवक्ता, स्वास्थ्य मन्त्रालय

मन्त्रालयले उपचार खर्चसहित बिरामीको विवरण पठाउन सबैलाई पत्राचार गरिसकेको छ। प्राप्त विवरण रुजु गरेपछि मात्रै भुक्तानी हुन्छ। सकेसम्म सबै अस्पतालको विवरण आएपछि एकैपटक विवरण रुजु गरेर भुक्तानी गर्ने योजना छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

जेन-जी आन्दोलनका घाइतेको उपचार गरेका २२ अस्पतालले स्वास्थ्य मन्त्रालयमा खर्च विवरण बुझाउँदै सात करोड ४९ लाख ५३ हजार माग गरेका छन्। यो मंसिर दोस्रो सातासम्मको खर्च विवरण हो। त्यसो त अन्य ५६ अस्पतालबाट भने विवरण आउनै बाँकी छ। सरकारी र निजी गरी देशभरका ७८ अस्पतालले जेन-जी आन्दोलनका घाइतेको उपचार गरेकामा बानेश्वरस्थित एभरेस्ट अस्पतालले भने सरकारसँग खर्च नलिने जनाएको छ।

● एभरेस्ट अस्पतालले घाइतेको उपचार खर्च सरकारसँग नमाग्ने

● घाइतेबाट उपचार खर्च लिइसकेका अस्पतालहरूले सरकारबाट भुक्तानी पाएपछि फिर्ता गर्ने

स्वास्थ्य मन्त्रालयका अनुसार अस्पतालहरूले मागदाबी गरेको खर्च विवरणमाथि मन्त्रालयको टोलीले छानबिन तथा रुजु गरेर मात्रै भुक्तानी हुनेछ। 'हालसम्म २२ अस्पतालले मात्रै विवरण उपलब्ध गराएका छन्। अधिकांश अस्पतालबाट विवरण नै आएको छैन। मन्त्रालयले उपचार खर्चसहित बिरामीको विवरण पठाउन सबैलाई पत्राचार गरिसकेको छ। प्राप्त विवरण रुजु गरेपछि मात्रै भुक्तानी हुन्छ। सकेसम्म सबै अस्पतालको विवरण आएपछि एकैपटक विवरण रुजु गरेर भुक्तानी गर्ने योजना छ,'

» पृष्ठ २ मा क्रमशः

■ कम्मर हातखुट्टा गुमाउनेदेखि कम्मर नचल्नेसम्मका छन् घाइते

अंगभंग भएका नौ घाइते अझै अस्पतालमा

स्वास्थ्य मन्त्रालयको प्रारम्भिक तथ्यांकअनुसार जेन-जी आन्दोलनका ६ घाइतेको खुट्टा नै गुमेको छ। त्यस्तै, एक घाइतेको एउटा हात, दुईजनाको एउटा आँखा र एकजनाको एउटा कान गुमेको छ। कम्मरमुनिको भाग नचल्ने र चारवटै हातखुट्टा नचल्ने एक-एकजना छन् भने छातीमा गोली लागेका ६० जना छन्। त्यस्तै, पेटमा गोली लागेका १५ जना छन्। यस्ता प्रकारका ठुला घाउचोट लाग्ने घाइते दुई सयभन्दा धेरै रहेको मन्त्रालयको तथ्यांक छ।

अंगभंग भएका नौ घाइते अस्पतालमै उपचाररत छन्। त्रिवि शिक्षण अस्पतालमा तीन, टुमा सेन्टरमा तीन, केएमसीमा दुई र स्पाइनल इन्जुरी सेन्टर साँगामा एकजना छन्। मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीका अनुसार अंगभंग भएकाहरूको लामो समयसम्म उपचार गर्नुपर्ने भएकाले उनीहरूलाई अस्पतालमै राखिएको हो।

उपचार निःशुल्क गर्ने घोषणा गरेको सरकारले सबै घाइतेलाई दुई चरणमा गरेर ३५ हजारका दरले आर्थिक सहयोग दिने निर्णय पनि गरेको छ। पहिलो चरणको २० हजार सबैजसो घाइतेले पाइसकेका छन्। दोस्रो चरणको १५ हजार हालसम्म केहीले मात्रै पाएका छन्।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

आजबाट एमालेको ११औँ महाधिवेशन

२२६२ प्रतिनिधिले छान्नेछन् नयाँ नेतृत्व

१५ सदस्यीय पदाधिकारीका लागि प्यानल नै बनाएर केपी ओली र ईश्वर पोखरेल प्रतिस्पर्धामा उत्रिँदै

सचिवालय बैठकको निर्णय सुनाउँदै उपमहासचिव प्रदीप ज्ञवालीले भने–



विधान महाधिवेशनको सर्वोच्चतालाई ध्यानमा राखेर त्यसकै आधारमा नयाँ नेतृत्व चयन गर्ने निर्णय गरेका छौं। जसअनुसार २५१ सदस्यीय केन्द्रीय कमिटी र १५ सदस्यीय पदाधिकारीसहितको नेतृत्व निर्माण गर्ने निर्णय भएको छ।

सचिव योगेश भट्टराईले भने–



केन्द्रीय कमिटी र पदाधिकारीको संख्या बढ्ने-नबढ्ने खुल्दुली थियो। तीन महिनाअघिको विधान महाधिवेशनको औचित्यको सम्मान गर्दै त्यसैका आधारमा महाधिवेशन सक्ने निर्णय भएको छ।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

जेन-जी आन्दोलनबाट आफ्नो नेतृत्वको सरकार अपदस्थ भएको र २१ फागुनका लागि प्रतिनिधिसभा निर्वाचन तय गरिएको राजनीतिक परिस्थितिबिच एमालेका नेता र अगुवा कार्यकर्ता भावी नेतृत्व चयनका लागि काठमाडौंमा जुटेका छन्। शनिबारबाट सुरु हुने ११औँ महाधिवेशनमा सहभागी हुने साढे २२ सय प्रतिनिधिले आगामी पाँच वर्षका लागि केन्द्रीय नेतृत्व चयन गर्दै छन्।

शनिबार भक्तपुरको सल्लाघारीस्थित १०८ रोपनी क्षेत्रफलको मैदानमा अध्यक्ष ओलीले महाधिवेशन उद्घाटन गर्नेछन्। २९ मंसिरसम्म चल्ने महाधिवेशनमा दुई हजार २६२ प्रतिनिधि सहभागी हुँदै छन्।

» पृष्ठ २ मा क्रमशः



महाधिवेशन उद्घाटनका लागि सल्लाघारीमा सजाइँदै गरेको मञ्च। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

■ हलमा पोखरेलले बोल्ने, अवधारणापत्र बाँडिने

महाधिवेशनमा राजनीतिक, संगठनात्मक वा विधान प्रतिवेदनमाथि कुनै छलफल वा संशोधन नहुने सचिवालयले स्पष्ट गरेको छ। तर, जेन-जी आन्दोलनबारे अध्यक्ष केपी ओलीभन्दा भिन्न विश्लेषण पेस गरेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको अवधारणापत्रले भने महाधिवेशन हलमा ठाउँ पाउने भएको छ। अवधारणापत्र प्रतिनिधिहरूबिच वितरण गर्न तथा पोखरेललाई हलमा आफ्नो धारणा राख्ने छुट दिने निर्णय सचिवालयले गरेको छ। अवधारणामै आधारित रहेर पोखरेलले प्रतिनिधिहरूलाई कन्भिन्स गर्न पाउने र त्यसका लागि उनलाई छुट्टै समय उपलब्ध गराएर बोल्न दिने निर्णय बैठकले गरेको छ। 'वरिष्ठ उपाध्यक्षले बुझाएको दस्तावेज उहाँले प्रतिनिधिहरूलाई वितरण गर्न चाहँदा वितरण गर्ने व्यवस्था मिलाउने निर्णय भएको छ,' बैठकपछि उपमहासचिव प्रदीप ज्ञवालीले भने, 'यदि उहाँले उम्मेदवारी दिने निर्णय गर्नुभयो र अवधारणाबारे केही बोल्न आवश्यक ठान्नुभयो भने बोल्न पनि दिइनेछ।'

बैठकमा अध्यक्ष ओली र वरिष्ठ उपाध्यक्ष पोखरेलबिच सर्वसम्मतिको विकल्पबारे पनि अनौपचारिक छलफल भएको नेताहरूले बताएका छन्। 'सहमति हुन सकेन भने स्वस्थ प्रतिस्पर्धा गरेर आन्तरिक जीवन बलियो बनाऊँ भन्ने प्रतिबद्धता आएको छ,' बैठकपछि सचिव योगेश भट्टराईले भने। अध्यक्ष ओलीले कुल प्रतिनिधिको पाँच प्रतिशत अर्थात् १०८ जनाको मनोनयन सूची बैठकमा पेस गरेका थिए। तर, वरिष्ठ उपाध्यक्ष पोखरेलसहितका केही पदाधिकारीले त्यसमा सहमति जनाएनन्। उनीहरू दुईजनाको सहमतिमा शनिबार नामको अन्तिम टुंगो लगाउने निर्णय भएको भट्टराईले बताए।



■ ओली प्रमुख वक्ता, देउवा-प्रचण्डसहित १६ दललाई निम्ता

■ २५१ केन्द्रीय सदस्यका लागि हजार भन्दा बढी आकांक्षी

■ ईश्वर समूहको समानान्तर युवा भेला, महाधिवेशनका लागि छुट्टै 'फोर्स' गठन

■ अहिलेसम्मकै ठुलो मञ्च, तीन किमि टाढासम्म ध्वनि सुनिने साउन्डसिस्टम

■ कौशलटार-गठ्ठाघर र जगाती गरी दुईतिर बाट जुलुस, तीन लाख सहभागी हुने दाबी

■ मनोनीत गरिने १०८ प्रतिनिधिको नाममा विवाद, ओली र पोखरेललाई सहमतिमा टुंग्याउने जिम्मा

मासिक पाँच करोड खर्चेर पेट्रोल ढुवानी प्रकरण

उद्योग मन्त्रालयसँग अख्तियारले माग्यो छानबिन प्रतिवेदन

पाइपलाइन बिछ्याएको ठाउँमै महिनामा पाँच करोड रुपैयाँसम्म ढुवानी भाडा खर्चिनु संस्थागत हानि-नोक्सानी भएको प्रारम्भिक ठहर

अजित अधिकारी/नयाँ पत्रिका

पेट्रोलियम पाइपलाइन पूर्ण क्षमतामा चल्न सक्ने अवस्था हुँदाहुँदै पनि नेपाल आयल निगमले कमिसनको लोभमा भारतबाट ट्यांकरमार्फत पेट्रोल ढुवानी गरेको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभागीय मन्त्रालयसँग छानबिन प्रतिवेदन मागेको छ। ढुवानीका नाममा मासिक करिब पाँच करोड रुपैयाँ अनावश्यक खर्च गरेको आरोपमा आयोगले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई छानबिन प्रतिवेदन उपलब्ध गराउन लिखित पत्र पठाएको हो।

आयोगले एक साताभित्र प्रतिवेदन बुझाउन निर्देशन दिएको मन्त्रालय स्रोतले जानकारी दियो। 'पाइपलाइन

» पृष्ठ २ मा क्रमशः

चौथोपटक मन्त्रिपरिषद् विस्तार

तीन मन्त्रालय अझै प्रधानमन्त्रीसँग

■ प्रधानमन्त्रीसहित १४ सदस्यीय बन्यो मन्त्रिपरिषद्

■ कुलमान घिसिङ र अनिल सिन्हासँग पनि तीन-तीन मन्त्रालय

नयाँ पत्रिका

चुनावी सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले चौथोपटक मन्त्रिपरिषद् विस्तार गरेकी छिन्। शुक्रबार चार मन्त्री थपेसँगै मन्त्रिपरिषद् १४ सदस्यीय बनेको छ।

प्रधानमन्त्री कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले डा. कुमार इङ्नाम, राजेन्द्रसिंह भण्डारी, माधव चौलागाईं र श्रद्धा श्रेष्ठलाई मन्त्रीमा नियुक्त गरेका हुन्। उनीहरूले शुक्रबार नै शपथ लिएर पदभार ग्रहण गरेका छन्।

इङ्नामलाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,

» पृष्ठ २ मा क्रमशः



नवनियुक्त मन्त्रीहरूलाई शुक्रबार शपथ खुवाउँदै राष्ट्रपति रामचन्द्र पौडेल। उनीहरूमध्ये डा. कुमार इङ्नामलाई भूमि व्यवस्था, राजेन्द्रसिंह भण्डारीलाई श्रम, माधव चौलागाईंलाई वन र श्रद्धा श्रेष्ठलाई महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको जिम्मेवारी दिइएको छ।



● **प्रधानमन्त्रीका प्रेस संयोजक रामबहादुर रावल भन्छन्–**

प्रधानमन्त्रीज्यूसँग आठ मन्त्रालय थिए। प्रशासनिक काममा धेरै समय दिनुपर्ने अवस्था थियो। अब चुनावलगायत राजनीतिक व्यवस्थापनमा लाग्नुहुन्छ। डेलिभरीसँगै चुनाव पनि गर्नुपर्ने भएकाले मन्त्री थप्नुपर्ने स्थिति आएको हो। जेन-जी आन्दोलनमा बलिदान गर्नेमध्ये सुदूरपश्चिम र कर्णालीका युवा धेरै थिए। तर, यी क्षेत्रलाई मन्त्रिपरिषद्मा नसमेटेर उपेक्षा गरेको भन्दै सहिद परिवार, घाइते र जेन-जीको प्रश्न थियो। उहाँहरूको माग पनि सम्बोधन गर्ने गरी मन्त्रिपरिषद् विस्तार भएको छ।

एनपिएलले आज पाउँदै छ नयाँ च्याम्पियन

सुदूरपश्चिम रोयल्स र लुम्बिनी लायन्सबिच दोस्रो संस्करणको उपाधिका लागि भिडन्त, विजेताले एक करोड १० लाख पाउने

उपविजेताले ५१ लाख, तेस्रो भएको विराटनगर किंग्सले २५ लाख र चौथो भएको काठमाडौं गोर्खाजले १५ लाख पाउने

रमेश सुवेदी/नयाँ पत्रिका

फ्लडलाइटको उज्यालो, नयाँ प्यारापिटमा खचाखच दर्शक, विदेशी स्टार र विश्वभर प्रसारणबिच शनिबार नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणको उपाधि भिडन्त हुँदै छ। कीर्तिपुरको चिसो हावासँगै त्रिवि रंगशालाले पाउँदै छ एनपिएलको नयाँ राजा। 'डे-नाइट' फाइनल खेल अपराह्न साढे ३ बजे सुरु हुनेछ। क्रिकेटप्रेमीहरू छातीको धड्कन बढाएर नेपाली क्रिकेटको नयाँ इतिहास रच्ने खेल हेर्न आतुर छन्। सुदूरपश्चिम र लुम्बिनी पहिलोपटक उपाधि कब्जाका लागि आमनेसामने हुँदै छन्। गत सिजनको उपविजेता सुदूरपश्चिमले निरन्तर दमदार प्रदर्शन गर्दै तथा 'अन्डरडग'का रूपमा उदाएको लुम्बिनीले काठमाडौं र विराटनगरलाई पाखा लगाउँदै ऐतिहासिक फाइनल यात्रा

नौ स्वदेशी खेलाडीका नाममा
अर्धशतक
दुई विदेशी खेलाडीको शतक, २० को अर्धशतक

» पृष्ठ २ मा क्रमशः



उपाधि भिडन्तको अघिल्लो दिन शुक्रबार ट्रफीसँगै सेल्फी लिँदै सुदूरपश्चिम रोयल्सका कप्तान दीपेन्द्रसिंह ऐरी र लुम्बिनी लायन्सका कप्तान रोहितकुमार पौडेल। उनीहरू दुईजनासँगै सुदूरपश्चिमका विनोद भण्डारी सर्वोत्कृष्ट खेलाडीलाई दिइने पुरस्कारको कार जित्ने प्रतिस्पर्धामा पनि छन्। तस्बिर साभार : एनपिएलको फेसबुक

■ विनासूचना टिकट महँगो र ब्ल्याकमा बेचेको आरोप

एनपिएलको दोस्रो क्वालिफायर्स र फाइनलमा टिकटदर दोब्बरले बढाउने क्यानको निर्णय विवादमा परेको छ। क्यानले यसअघि नै रेडबुल, एनसेल र सिद्धार्थ बैंक जोनको टिकटदर प्लेअफमा एक हजार तोकेको थियो। तर, दर्शकलाई विनासूचना र जानकारी एकाएक यी तीन जोनलाई प्रिमियम भन्दै टिकटदर दुई हजार पुऱ्याएको छ। जबकि प्रतियोगिताअघि क्यानले टिकटसम्बन्धी जानकारी गराउँदै चोभार एन्डको मात्रै प्रिमियम टिकट तोकिएको बताएको थियो।

त्यसअघि लिग चरणका खेलमा भने यी तीनै जोनको टिकटदर पाँच सय रुपैयाँ थियो। लिगमा सामान्यतर्फ अन्य पाँच सय रहेको जोन १, २, ३ को भने टिकटदर पूर्ववत् नै एक हजार तोकिएको छ। यही विषयमा जेन-जी प्रतिनिधिले खेलकुदमन्त्री बब्लु गुप्तालाई शुक्रबार ध्यानाकर्षणपत्र बुझाएका छन्। उनीहरूले क्यान पदाधिकारी र टिकट विक्रेता खल्तीमाथि छानबिन र कारबाही गर्न माग गरेका छन्। महँगोमा टिकट बेचेको र त्यो पनि पहिल्यै बुक गरेर ब्ल्याकमा बिक्री गरेको दर्शकहरूको पनि आरोप छ।

क्यानका प्रवक्ता छुम्बी लामाले कार्यसमिति बैठकबाटै सिद्धार्थ, रेडबुल र एनसेल जोनलाई प्रिमियम बनाउने निर्णय भएको दाबी गरे। 'हामीले सुरुकै बैठकबाट रेडबुल, सिद्धार्थ र एनसेल जोनलाई प्लेअफमा प्रिमियर तोक्ने निर्णय गरेका थियौं। सोहीअनुसार प्रिमियरदर तोकेका हौं,' उनले भने। क्यानका पदाधिकारीले भने नाम नखुलाउने सर्तमा भने, 'हामीले पनि खल्तीको साइटबाटै टिकटदर बढेको पछि मात्रै थाहा पायौं। यो विषयमा कार्यसमितिलाई जानकारी नै छैन।' टिकट महँगो बनाइएपछि बिहीबारको लुम्बिनी लायन्स र विराटनगर किंग्सको खेलमा प्यारापिट रित्तोरित्तो थियो।

झन् नयाँ

नेपाली सिनेमामा
'भिएफएक्स'



भिएफएक्सको भरमा बलिउड-हलिउडसँग प्रतिस्पर्धा गर्ने कि आफ्नै मौलिक कथा विश्वसामु पस्कने ?

कक्षाकोठामा भोगेको विभेद



समाज
● श्रद्धा नेपाली

उद्योग मन्त्रालयसँग...

पृष्ठ १ बाट क्रमशः

बिछ्याएको ठाउँमै महिनामा पाँच करोड रुपैयाँसम्म ढुवानी भाडा खर्चिनु संस्थागत हानि-नोक्सानी भएको प्रारम्भिक ठहर भएको छ,' स्रोतले भन्यो, 'यही कारण यो विषयमा विस्तृत छानबिन अघि बढाइएको हो। तालुकवाला मन्त्रालयलाई पनि के-कसो भएको हो भनेर अनुसन्धान प्रतिवेदन पठाउन लिखित पत्राचार गरेका छौं।'

अख्तियारको पत्रपछि मन्त्रालयले पनि छुट्टै छानबिन समिति गठन गरी आयल निगमबाट आवश्यक कागजात मागिसकेको छ। 'अख्तियारको पत्राचारअनुसार छानबिन भइरहेको छ, चाँडै प्रतिवेदन बुझाइन्छ,' मन्त्रालय स्रोतले भन्यो। आयोगका अधिकारीहरू अहिले मन्त्रालयको प्रतिवेदन पर्खिरहेका छन्। मन्त्रालयबाट के-कस्तो पत्र आउँछ, त्यसपछि हाम्रो गाइडलाइन तय हुनेछ,' आयोग स्रोतले भन्यो।

अख्तियारले छानबिन थालेसँगै आयल निगमले अमलेखगन्जका लागि पेट्रोल ल्याउन बरौनीमा ट्यांकर पठाउन रोकिएको छ। यसअघि अमलेखगन्ज डिपोमार्फत बरौनी रिफाइनरीबाट दैनिक २०-२२ ट्यांकरमा पेट्रोल ढुवानी भइरहेको थियो। भारतबाट पेट्रोल ल्याउन १०४ ट्यांकर पालैपालो प्रयोग हुँदै आएका थिए।

अमलेखगन्जमा पाइपलाइनबाट पेट्रोल ल्याउँदा ढुवानीमा खर्च शून्य हुने भए पनि निगमका उच्च अधिकारी, ट्यांकर व्यवसायी र चालकको मिलेमतोमा झन्डै एक वर्षसम्म मासिक पाँच करोड खर्चेर ढुवानी गराइएको आरोप छ। यसअनुसार करिब ६० करोड रुपैयाँ ढुवानी भाडा शीर्षकमा खर्च भइसकेको छ र यही आधारमा अख्तियारले छानबिनलाई तीव्र बनाएको छ।

निगमले हाल पेट्रोल ढुवानीका लागि प्रयोग गरिएका १०४ ट्यांकरलाई विभिन्न डिपोमा हवाई इन्धन ढुवानीमा प्रयोग गर्ने निर्णय गरेको छ। तर, पछाडिको ट्यांकी परिवर्तन गर्न चार-पाँच लाख रुपैयाँ खर्च लाग्ने भन्दै ट्यांकर व्यवसायी र चालकहरूले असहमति जनाएका छन्। उनीहरूले डिजेल र मट्टीतेल ढुवानीका लागि वैकल्पिक रुट व्यवस्था मिलाउन माग गर्दै विज्ञप्ति पनि निकालेका छन्।

एनपिएलले...

पृष्ठ १ बाट क्रमशः

तय गरेका हुन्। सुदूरपश्चिम गत सिजनको अपूर्ण सपना पूरा गर्ने दाउमा छ भने लुम्बिनी अवसरलाई उपाधिमा बदल्न तत्पर छ। दोस्रो संस्करणमा आठ टोली सहभागी रहे। पहिलोपटक फ्लड लाइटमा भएको प्रतियोगिताले नयाँ प्यारापिट, अत्याधुनिक लाइट र निरन्तर भरिने दर्शकका कारण विशेष आकर्षण पायो। ३२ मध्ये ३१ खेलमा रंगशाला झन्डै भरिएको थियो। पहिलो संस्करण भव्य रूपमा सम्पन्न भएपछि नेपाल सरकारले त्रिवि मैदानमा अत्याधुनिक लाइट र १० हजार सिटको प्यारापिट जडान गरेको थियो।

पहिलो संस्करणको च्याम्पियन जनकपुर बोल्ट्स खराब प्रदर्शन गर्दै यसपटक तालिकाको पुछारमा रह्यो। गत सिजनको उपविजेता सुदूरपश्चिमले फाइनलमा नयाँ प्रतिद्वन्द्वी पायो। सुदूरपश्चिम लगातार दोस्रोपटक र लुम्बिनी पहिलोपटक फाइनलमा पुग्दा विराटनगर किंग्स क्वालिफायर २ बाट बाहिरियो। काठमाडौं गोर्खाज भने इलिमिनेटरबाट अगाडी बढ्न सकेन। यस्तै, पोखरा एभेन्जर्स, कर्णाली याक्स, चितवन राइनोज र साबिक विजेता जनकपुर बोल्ट्स भने समूह चरणबाट माथि बढ्न सकेनन्।

यसपटक फाफ डु प्लेसिस, मार्टिन गुप्तिल, स्कट कुगुलेइन, रवि बोपरा, क्रिस लिन, डेभिड मालन, जिमी निसमजस्ता विश्वचर्चित खेलाडीले एनपिएल खेले। यीसँगै टेस्ट राष्ट्र र एसोसिएट राष्ट्रका ४८ विदेशी खेलाडी त्रिवि मैदानमा देखिएका थिए। प्रतियोगिता स्टार स्पोर्टसुबाट प्रत्यक्ष प्रसारण हुँदा नेपाली क्रिकेटको चर्चा विश्वभर भयो। पोखरामा एडन रोसिडटन र कर्णालीका मार्क वाटले शतक प्रहार गरे।

दीपेन्द्रसिंह ऐरीको कप्तानीमा रहेको साबिक उपविजेता सुदूरपश्चिमले गत सिजनको जस्तै प्रभावशाली प्रदर्शन गर्दै फाइनल यात्रा तय गऱ्यो। समूहमा शीर्ष स्थानमा रहँदै दुई खेलअघि नै प्लेअफ तय गरेको थियो। खेलेको आठमध्ये सात खेलमा विजयी भएको छ। समूह चरणको अन्तिम खेलमा मात्रै विराटनगरसँग पराजित भएको थियो। सुदूरपश्चिमको यात्रामा विकेटकिपरसमेत रहेका विनोद भण्डारीले दुई अर्धशतक बनाए। त्यस्तै थप पाँच खेलाडीले अर्धशतक बनाएका छन्।

अर्धशतक बनाउनेमा अस्ट्रेलियन स्टार खेलाडीद्वय जस ब्राउन र क्रिस लिन, अमेरिकाका हर्मित सिंह तथा नेपाली खेलाडीहरू ईशान पाण्डे छन्। आठ इनिङ्समा कुल २६४ रन बनाएका विनोद प्रतियोगितामा सर्वाधिक रन बनाउने पहिलो नेपाली तथा समग्रमा दोस्रो खेलाडी हुन्। यता, नेपालका अभिनाश बोहराले सानदार बलिङ गरिरहेका छन्। उनले आठ इनिङ्समा १६ विकेट लिए। उनी सर्वाधिक विकेट लिने खेलाडीको दोस्रो स्थानमा छन्। १७ विकेट लिएका सन्दीप लामिछाने पहिलो स्थानमा छन्।

यता, रोहित पौडेल कप्तान रहेको लुम्बिनीले प्रभावशाली प्रदर्शन गऱ्यो। टोली 'अन्डरडग'का रूपमा उदायो। पहिलो संस्करणमा सातमध्ये एक खेल जितेको थियो। तर, यसपटक नौमध्ये सात खेल जितेको छ। समूह चरणमा चार खेल जित्दै टोली प्ले अफमा पुगेको थियो। इलिमिनेटरमा बलियो काठमाडौंलाई हराएको लुम्बिनीले क्वालिफायर २ मा पनि विराटनगरलाई पराजित गऱ्यो।

आर्थिक दृष्टिले पनि खेल चलायमान देखियो। हरेक टिमले आठदेखि १२ करोडसम्म खर्च गरेका छन्। जबकि प्रतियोगिताको कारोबार एक अर्ब नाघ्ने अनुमान छ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म : वि.सं. २००८/४/१३

स्वर्गारोहण: वि.सं. २०८२/७/१३

स्व. कुसल गिरी

ललितपुर महानगरपालिका वडा नं. २० मा कार्यरत सविना श्रेष्ठका पुजनीय पिता कुसल गिरीको निधन भएको आज ४५औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

चन्द्र लाल महर्जन
२० नं. वडा अध्यक्ष
तथा
सम्पूर्ण वडा परिवार

Qatar/Saudi मा रोजगार 1. Elegancia Facilities Management, Qatar

पुर्व स्वीकृती मितिः २०८२/०८/२२ चलानी नं. ६०२४८७४३ LT No.: 334969

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Labour	60	कामचलाउ दक्ष	1000	३१,६२५।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	✓	✓	२ वर्ष

2. Ghaidaa Flavor Buffet for Fast Food, Saudi पुर्व स्वीकृती मितिः २०८२/०८/२४ चलानी नं.: ६०२४८७४२ LT No.: 335029

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Loading And Unloading Worker	1	कामचलाउ दक्ष	1000	३८,४०५।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	✓	✓	२ वर्ष

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारदाता कम्पनीले कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने रकम कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	हवै / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,५९६।- कामदार आफैले	रु. १,४००।- कामदार आफैले	रु. ७,००।- कामदार आफैले	रु.१०,०००।-

अन्तरवार्ता २०८२ पौष ५ गते (20 Dec., 2025) यस प्रा. लि. को कार्यालय गौशला काठमाडौंमा हुनेछ ।

POWER EMPLOYMENT PVT. LTD.
Gaushala-9, Kathmandu, GPO Box : 43435, Tel. : 01-4583830, 4588308
Email : poweremployment.np@gmail.com
Lic. No.: 1194/073/074

Request for Proposals – Group Medical Insurance for staffs

First Published Date: 13th December, 2025

Nabil Bank Ltd. invites sealed proposals from interested firms/companies for insurance services for Group Medical Insurance for Staffs. The requirement and details for Group Medical Insurance shall be shared with the interested firms/companies upon receiving of request letter.

Terms and Conditions

1. Bidders must submit following documents:
   a) Notarized PAN/VAT Certificate.
   b) Audited Balance Sheet of Last Two years.
   c) List of Prime Customers.
   d) Notarized Firm/Company Registration (renewed).
   e) Notarized Tax Clearance certificate of last two years.
   f) Company profile with brief introduction of promoters and key management team.
2. The sealed quotation should be submitted in an envelope addressing to Nabil Bank Ltd, with name of the bidder's firm and address. Sealed quotation should reach to the Bank's **Head Office, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal,** not later than **4:00 PM, 28th December 2025 (Poush 13th, 2082).** Bid documents received after this deadline will not be accepted.
3. In case the last day of submission and opening of bid falls on government holiday, then submission and opening can be done as on the next working day.
4. The received Bids shall be opened at Administration Department, N**abil Bank Ltd, Ghantaghar Building, Kathmandu, Nepal** on **29th December, 2025 at 11:00 AM** in the presence/absence of the bidder's representatives.
5. The bank reserves the right to accept or reject in part or whole of any sealed quotation without assigning any reason whatsoever and will not be compelled to accept the lowest bid.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu Contact No: - 01-5971871

पाल्पामा जिप दुर्घटना हुँदा तीनजनाको मृत्यु, आठ घाइते

नयाँ पत्रिका

नवलपरासीको अरुणखोलाबाट पाल्पाको रामपुरका लागि छुटेको जिप पाल्पाको निस्दी गाउँपालिका- ४, चिउरीबासमा शुक्रबार दुर्घटना हुँदा तीनजनाको घटनास्थलमै ज्यान गएको छ। घाइते आठमध्ये एकजनाको अवस्था गम्भीर छ।

बिहान १० बजे लु.१ज ३९०८ नम्बरको फोर्स जिप सडकबाट एक किलोमिटर तल खस्दा निस्दी गाउँपालिका- ४, मित्यालका ओमकुमारी खाम्चा, वडा नम्बर ७ ज्यामिरेकी ३६ वर्षीया केमकुमारी सारू र रामपुर नगरपालिका- २ घर भई हाल नवलपुरको मध्यविन्दु बस्दै आएकी ३१ वर्षीया बुद्धिमाया विकको मृत्यु भएको हो। शव पोस्टमार्टमका लागि रामपुर अस्पताल पाल्पामा राखिएको छ।

इलाका प्रहरी कार्यालय रामपुरका प्रहरी निरीक्षक लालबहादुर



सुनारका अनुसार कच्ची उकालो बाटोमा जिप नचढेपछि चालकले रोकेर ढुंगाको ओट लगाउने क्रममा ढुंगा चिप्लेर जिप बाटोबाट तल खसेको थियो। 'चालकले गाडी उकाल्न नसकेपछि गाडी रोकेर चक्कामा ओट लगाई गाडीका मान्छे झार्न खोजेका रहेछन्। ओट फुत्केर गाडी बाटोबाट करिब एक किलोमिटर तल खोल्सामा खसेको थियो,' उनले भने।

प्रहरीका अनुसार दुर्घटनामा घाइतेमध्ये ठेगाना नखुलेका ४१ वर्षीय सुन्दर सुनारको अवस्था गम्भीर छ। उनका १० वर्षीय छोरा लविस र पाँच वर्षीया छोरी प्रिन्सा पनि घाइते भएका छन्। उनीहरूको चितवन मेडिकल कलेजमा उपचार भइरहेको छ।

दुर्घटनामा परी पाल्पाको निस्दी- ४ की २८ वर्षीया मीनाकुमारी सुनारी, सोही ठाउँका नौ वर्षीय नवराज खाम्चा, पाँच वर्षीय सालिन खाम्चा, ७३ वर्षीय नरबहादुर सुनारी, ७२ वर्षीया भूमिसरा सुनारी घाइते भएका छन्। उनीहरूको मध्यविन्दु प्रादेशिक अस्पताल कावासोतीमा उपचार भइरहेको नवलपरासी प्रहरीले जनाएको छ।

२२६२ प्रतिनिधिले...

पृष्ठ १ बाट क्रमशः

नेतृत्व चयनका लागि भृकुटीमण्डपमा बन्दसत्र सञ्चालन हुनेछ।

१० मंसिर ०७८ मा चितवनमा सम्पन्न दसौं महाधिवेशनपछि पाँचवर्षे कार्यकाल पूरा हुन एक वर्ष बाँकी छँदै एमालेले ११औं महाधिवेशनबाट नयाँ नेतृत्व चयन गर्दै छ। गत भदौमा सम्पन्न विधान महाधिवेशनले पारित गरेको विधान र नीति कायम राखेर अध्यक्षका लागि केपी ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलबिच प्रतिस्पर्धा हुँदै छ। दुवै पक्ष १५ सदस्यीय पदाधिकारीका लागि प्यानल नै बनाएर प्रतिस्पर्धामा उत्रिने सम्भावना छ।

शुक्रबार बसेको केन्द्रीय सचिवालय बैठकले महाधिवेशनको निर्वाचन प्रक्रिया, बन्दसत्र सञ्चालन र नेतृत्व निर्माणको आधार तय गरेको छ। बैठकले २२ भदौको विधान महाधिवेशनले पारित गरेको संरचनाअनुसार २५१ सदस्यीय केन्द्रीय कमिटी र १५ सदस्यीय पदाधिकारी चयन गर्ने निर्णय गरेको उपमहासचिव प्रदीप ज्ञवालीले बताए। अध्यक्षका उम्मेदवार पोखरेलले आकांक्षी व्यवस्थापनका नाममा संस्थापन पक्षले विधान हेरफेर गरेर कमिटीको आकार बढाउन खोजेको आरोप लगाउँदै विधान महाधिवेशनको औचित्यमाथि प्रश्न उठाउने चेतावनी दिएका थिए। संस्थापन पक्षले विधान संशोधन अगाडि बढाए वरिष्ठ उपाध्यक्ष पोखरेलले पेस गरेको अवधारणापत्र पनि बन्दसत्रमा लैजाने उनको समूहको तयारी थियो। यसैलाई बुझ्दै बैठकमा कुनै विधान संशोधन प्रस्ताव अघि नबढाइने सहमति बनेको एक पदाधिकारीले बताए।

सचिवालय बैठकपछि दुवै पक्षका नेताहरूले विधान महाधिवेशनले पारित गरेको विधानअनुसार नेतृत्व बन्ने बताएका छन्। 'विधान महाधिवेशनको सर्वोच्चतालाई ध्यानमा राखेर त्यसकै आधारमा नयाँ नेतृत्व चयन गर्ने निर्णय गरेका छौं,' संस्थापन पक्षधर मानिने उपमहासचिव प्रदीप ज्ञवालीले भने, 'जसअनुसार २५१ सदस्यीय केन्द्रीय कमिटी र १५ सदस्यीय पदाधिकारीसहितको नेतृत्व निर्माण गर्ने निर्णय भएको छ।'

यस्तै, पोखरेल पक्षधर मानिने सचिव योगेश भट्टराईले पनि विधान महाधिवेशनको म्यान्डेटअनुसार नै नेतृत्व चयन गर्ने बताए। 'केन्द्रीय कमिटी र पदाधिकारीको संख्या बढ्ने-नबढ्ने खुल्दुली थियो। तीन महिनाअघिको विधान महाधिवेशनको औचित्यको सम्मान गर्दै त्यसै आधारमा महाधिवेशन सक्ने निर्णय भएको छ,' बैठकपछि सचिव भट्टराईले भने।

विधान महाधिवेशनले अध्यक्ष र महासचिवसहित तीन उपाध्यक्ष, तीन उपमहासचिव र सात सचिव रहेको पदाधिकारी पास गरेको थियो। यसअघि व्यवस्था भएको वरिष्ठ उपाध्यक्षको पद हटाइएको छ। तर, ओलीनिकट नेताहरूले भने पोखरेल सहमतिमा आए पुरानै पद ब्युँताउन र ४५ सदस्यीय पुरानै स्थायी समितिको संख्या कायम गर्ने गरी विधान संशोधन गर्न सुझाव दिएका थिए।

यस्तै, बैठकले बन्दसत्र सञ्चालनका लागि १८ सदस्यीय केन्द्रीय सचिवालयलाई नै अध्यक्षमण्डलको जिम्मा दिएको छ। प्रस्ताव तयारी समिति ज्ञवालीको नेतृत्वमा र माइन्युट लेखन समिति पृथ्वीसुब्बा गुरुङको संयोजकत्वमा गठन भएको छ।

त्यसैबिच सचिव भट्टराईले ४० वर्षमुनिका प्रतिनिधिलाई आधार बनाउँदै कम्तीमा १५ प्रतिशत युवा आरक्षणसहित केन्द्रीय कमिटीमा सुनिश्चितता दिलाउनुपर्ने प्रस्ताव बैठकमा राखेका छन्। '४० वर्षमुनिका युवाका लागि कम्तीमा १५ पतिशत कोटा छुट्याएर आरक्षण गरौं भनेको हो, हलमै छलफल हुन्छ होला,' भट्टराईले भने। उपमहासचिव ज्ञवालीले ४० वर्षमुनिका युवालाई केन्द्रीय कमिटीमा प्रतिनिधित्व गराएर पार्टीलाई ऊर्जाशील बनाउने गरी क्लस्टर हलले पारित गर्ने बताए।

एमालेको नयाँ नेतृत्व चयनका लागि विद्युतीय मतदान हुने भएको छ। मतदानका लागि मतदाता शिक्षा अगाडि बढाउन शुक्रबारबाटै पार्टी कार्यालयमा डेमो सुरु गरिएको उपमहासचिव ज्ञवालीले बताए। उम्मेदवार मनोनयन सकिएपछि पनि बन्दसत्रस्थलमा डेमो गराउने एमालेको तयारी छ।

सरकार-जेन-जी सम्झौताको विरोध, अपराधी उन्मुक्तिको आरोप

बैठकले सरकार र जेन-जी प्रतिनिधिबिच २४ मंसिरमा भएको १० बुँदे सम्झौता असंवैधानिक, अनधिकृत र निर्वाचन नैतिकताविपरीत भएको आरोप लगाउँदै विशेष प्रस्ताव पारित गरेको छ। 'असंवैधानिक रूपमा गठन भएको र सर्वोच्च अदालतमा संवैधानिकतासम्बन्धी न्यायिक परीक्षणबाट गुज्रिरहेको सरकारलाई मुलुकलाई दीर्घकालीन रूपमा प्रभाव पार्ने संवैधानिक, राजनीतिक र आर्थिक यस्तो सम्झौता गर्ने अधिकार रहँदैन भन्ने स्पष्ट छ,' पारित विशेष प्रस्तावमा छ, 'राष्ट्रपतिबाट निर्वाचनको कार्यादेश पाएको र निर्वाचनको घोषित मिति तीन महिनाभन्दा कम रहेको अवस्थामा आफ्नो निर्धारित कार्यक्षेत्रबाहिर रहेर सरकारले यस्तो काम गरेको छ। जनताबाट निर्वाचित जनप्रतिनिधिबाहेक अन्यत्रबाट संविधानमा परिमार्जन वा संशोधन हुन सक्दैन।'

त्यस्तै, प्रस्तावले संधिवान असफल बनाउन खोजेको र विध्वंसमा संलग्न अपराधीलाई उन्मुक्ति दिन खोजेको एमालेको आरोप छ। 'प्रतिनिधिसभा विघटन गरिएको शून्यताबिच संविधान निर्माणमा अगुवाइ गर्ने दलहरूलाई निषेध गर्दै गरिएको सम्झौताको अन्तर्निहित आशय संविधानका आधारस्तम्भहरूलाई खलबल्याउने र अन्ततवागत्वा संविधानलाई असफल बनाउने हो। सरकार आफैंले घोषणा गरेको निर्वाचनको पूर्वसन्ध्यामा निर्वाचनका महत्वपूर्ण कानुनी र संरचनागत विषयलाई प्रभावित गर्ने सम्झौता आफैंमा निर्वाचन नैतिकताको विरुद्धमा छ,' प्रस्तावमा भनिएको छ, 'त्यसका अतिरिक्त भदौ २४ का विध्वंसका दोषीहरूलाई विभिन्न बहानामा उन्मुक्ति दिने हिसाबले राखिएको प्रावधान र कथित जाँचबुझ आयोगको थप गरिएको कार्यादिशले देश दहन गर्ने अपराधीहरूलाई जोगाउन दण्डहीनतालाई संस्थागत गर्न उद्यत छ भन्ने स्पष्ट हुन्छ। यसबाहेक राज्यकोषमा गम्भीर भार पर्ने गरी विभन्न आयोग र परिषद् गठन गर्ने विषय पनि गलत नियतबाट प्रेरित छ।'

त्यस्तै, एमालेले कार्यादेशबाहिर गएर गरिएको, जिम्मेवार दलहरूलाई बेवास्ता गरेर कार्यान्वयन हुन नसक्ने कुराले वास्तविक जेन-जीहरूलाई झुक्याउने र धोका दिने काम गरेको भन्दै विरोध गरेको छ। 'जेन-जी आफैंमा संगठित शक्ति नभई उमेर समूह भएको र जेन-जीका नाममा जो-कसैले गर्ने सम्झौताले आमनवयुवाहरूको भावनाको प्रतिनिधित्व गर्न सक्दैन भन्ने कुरा स्पष्ट छ। संविधान र कानुनभन्दा बाहिर गएर सम्झौता गर्ने अधिकार कुनै पनि सरकारलाई हुँदैन भन्ने कुरालाई विशेष जोड दिँदै एमाले यी विषयप्रति गम्भीर असहमति, आपत्ति र विरोध गर्दछ,' विशेष प्रस्तावमा छ।

साढे २२ सय प्रतिनिधि, हजारभन्दा बढी केन्द्रीय कमिटीका आकांक्षी

११औं महाधिवेशनमा सुनिश्चित साढे २२ सय प्रतिनिधिमध्ये करिब आधा केन्द्रीय कमिटीका लागि आकांक्षी देखिएका छन्। आकांक्षीले अध्यक्षका दाबेदार मानिएका केपी ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलसहित नेता भेटेर प्यानलमा पर्न तीव्र लबिङ थालेका छन्। एमालेका एक पदाधिकारीका अनुसार दुई हजार २६२ मध्ये कम्तीमा हजारभन्दा बढी प्रतिनिधि केन्द्रतर्फ आकांक्षी रहेका छन्।

विशेषगरी पदाधिकारी र केन्द्रीय कमिटीमा प्रवेश गर्न इच्छुक आकांक्षीले भेटघाट बढाएका छन्। कतिपय आकांक्षीले सामाजिक सञ्जालमार्फत अभियान चलाइरहेका छन् भने थुप्रैले च्यासलस्थित पार्टी कार्यालयमै उपस्थित भएर समर्थन जुटाइरहेका छन्।

कतिपय आकांक्षीले अध्यक्ष ओलीलाई गुन्दुस्थित निवासमै पुगेर भेटघाट गरिरहेका छन्। राति अबेरसम्म ओलीले पालैपालो जिल्लाका प्रतिनिधिलाई थोरै समय दिएर भए पनि भेटिरहेका मात्रै छैनन्, सहयोग गर्न आग्रह पनि गरिरहेका छन्। भेट्न आउने आकांक्षीलाई उनले सकेसम्म सूचीमा पार्ने नत्र पार्टीले मूल्यांकन गर्ने भन्दै थामथुम पारिरहेका छन्।

त्यस्तै, आकांक्षीले पोखरेललाई मदन भण्डारी फाउन्डेसनको नयाँ बानेश्वरस्थित सम्पर्क कार्यालय र पार्टी कार्यालयमा भेटिरहेका छन्। पोखरेलले शुक्रबार पार्टी कार्यालयमा पुगेर प्रतिनिधिहरूसँग फोटो खिचाएका थिए। अध्यक्ष ओली पनि नियमितजस्तै कार्यालय गइरहेका छन्।

ओली र पोखरेलका अलवा विशेषगरी उपाध्यक्ष सुरेन्द्र पाण्डे, विष्णु पौडेल र महासचिव शंकर पोखरेललाई प्रतिनिधि र कार्यकर्ताले भेटेर बढी नै लबिङ गरिरहेका छन्। ओली र पोखरेल दुवैतर्फबाट प्यानलमै पर्ने निश्चित नदेखिएकाले एकातिर नपरे पनि अर्कोतिर जाने कोसिस गरिरहेका छन्। प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले महाधिवेशनले नयाँ नेतृत्व चुन्ने भएकाले आकांक्षीले नेता भेटेर आफ्नो आकांक्षा प्रकट गर्नु स्वाभाविक भएको बताए।

ईश्वर समूहको समानान्तर युवा भेला, महाधिवेशनका लागि छुट्टै 'फोर्स' गठन

अध्यक्षको उम्मेदवारी घोषणा गरिसकेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल समूहले शुक्रबार अलग्गै युवा भेला गरेको छ। अध्यक्ष केपी ओली पक्षले नेसनल भोलेन्टियर फोर्स र राष्ट्रिय युवा संघलाई महाधिवेशनको मतदान प्रक्रियामा एकलौटी ढंगले प्रयोग गर्न सक्ने आशंकासहित पोखरेल समूहले छुट्टै युवा संरचना सक्रिय पारेको हो।

पोखरेल समूहको भेलाले महाधिवेशनको बन्दसत्रस्थलवरपर परिचालन गर्न कम्तीमा पाँच सय युवासहित छुट्टै 'फोर्स' गठन गरेको छ। रातो क्याप लगाएको टोली बानेश्वर बैंक्वेट, थापागाउँबाट पार्टी कार्यालय च्यासलसम्म प्रदर्शनसहित पुगेको थियो।

भेलालाई सम्बोधन गर्दै उपाध्यक्ष सुरेन्द्र पाण्डेले केन्द्रीय कमिटीमा युवा सहभागिता कम्तीमा २० प्रतिशत पुऱ्याइनुपर्ने धारणा राखे। कार्यकर्ताले आफ्ने क्षेत्रका नेतालाई छान्ने संस्कार विकास भए एमालेलाई कसैले परास्त गर्न नसक्ने उनको भनाइ थियो।

पोखरेलले पछिल्ला वर्षमा 'सूचना टाँस' र 'नाम पढेर कमिटी बनाउने' प्रचलनले पार्टी कमजोर बन्दै गएको बताए। 'आज पार्टी संरचना कब्जा गर्न खोज्ने र सूचना टाँसेर कमिटी बनाउने प्रचलन बढ्यो। कार्यकर्ताबिच काम गर्ने मान्छेलाई होइन नेताको वरिपरि घुम्नेलाई नेतृत्वमा ल्याउने प्रथाले गर्दा योग्य र जनतामा स्थापित नेता बाहिरिने अवस्था आउँछ,' उनले भने। भेलालाई राष्ट्रिय युवा संघका नेता सुमन पुरीसहितले सम्बोधन गरेका थिए।

महाधिवेशनमा अहिलेसम्मकै ठुलो मञ्च, तीन किलोमिटर टाढासम्म ध्वनि सुनिने गरी साउन्डसिस्टम

एमालेले ११औं महाधिवेशन उद्घाटन समारोहका लागि भक्तपुरको सल्लाघारीमा अहिलेसम्मकै ठुलो र अत्याधुनिक मञ्च निर्माण गरेको छ। मञ्च व्यवस्थापन समितिका संयोजक तथा पोलिटब्युरो सदस्य विनोद श्रेष्ठको नेतृत्वमा तयार पारिएको मञ्चमा प्रमुख अतिथिसहित ४५० जनासम्म बस्न सक्ने व्यवस्था छ।

चार भागमा विभाजित मञ्चको दायाँ-बायाँ केन्द्रीय पदाधिकारी, सदस्य तथा सल्लाहकार समिति राखिनेछ भने बिचमा चाँगुनारायण मन्दिरको प्रतिमा स्थापना गरिएको छ। नजिकै पोडियम रहनेछ, त्यसको तल भिभिआइपी र भिआइपी पाहुनाका लागि छुट्टै व्यवस्था मिलाइएको छ। कलाकारहरूको प्रस्तुतिका लागि अर्को सहायक मञ्च पनि तयार गरिएको छ।

१०८ रोपनी क्षेत्रफलमा फैलिएको चउरमा तीन किलोमिटर टाढासम्म ध्वनि सुनिने गरी १७ वटा ठुला स्पिकरसहित १०७ वटा साउन्ड युनिट जडान गरिएको छ।

दुईतिरबाट जुलुस, तीन लाख सहभागी हुने दाबी

दसौं महाधिवेशनजस्तै भक्तपुरमा पनि उद्घाटन सत्रमा 'मानवसागर' उतार्ने एमालेको दाबी छ। झन्डै तीन लाख सहभागी हुने एमाले नेताहरूले दाबी गरेका छन्। भट्टराईका अनुसार 'नेपाली जनता प्रतिगमनका पक्षमा छैनन्। मिचिएको संविधान र लोकतन्त्रलाई सही बाटोमा फर्काउन एमाले तयार रहेको सन्देश दिने गरी' उद्घाटन सभा गरिँदै छ।

पूर्वतिरबाट आउने गाडीलाई जगातीनजिकै रोकिने गरी पूर्वतर्फको जुलुस त्यहींबाट सुरु हुनेछ भने पश्चिम तथा उपत्यकातर्फको जुलुस कौशलटार-गठ्ठाघर क्षेत्रबाट अघि बढ्नेछ। दुवै जुलुस तथा स्थलवरिपरि १० हजार स्वयंसेवक परिचालन हुने एमालेले जनाएको छ। तीमध्ये पाँच सयजना विशेष तालिमप्राप्त ड्रेसधारी स्वयंसेवक हुने स्वयंसेवक संयोजक भानुभक्त ढकालले बताए। झाँकीसहित करिब दुई सयभन्दा धेरै वेशभूषा समूहले जुलुसमा प्रस्तुति दिनेछन्।

पदेनसहित २,२६२ प्रतिनिधि सहभागी

महाधिवेशनमा पदेनसहित २,२६२ जना प्रतिनिधि सहभागी हुनेछन्। संगठन विभागका सदस्य गणेश पहाडीका अनुसार भूगोल, प्रवास र जनसंगठनबाट निर्वाचित १,६७५ जना, केन्द्रीय सदस्य तथा आयोगबाट पदेन ४६१ जना, मनोनीत १०८ जना र एकीकृत समाजवादीबाट आएका १८ जना गरी कुल २,२६२ प्रतिनिधि रहनेछन्।

२२ अस्पतालले...

पृष्ठ १ बाट क्रमशः

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले भने, 'अस्पतालले पठाएको विवरणको आधारमा मात्रै भुक्तानी हुँदै छ, मन्त्रालयले बनाएको कमिटीले पनि अध्ययन गरेपछि मात्रै भुक्तानी प्रक्रिया अघि बढ्ने हो।'

सरकारले जेन-जी आन्दोलनका घाइतेको उपचार निःशुल्क गर्ने घोषणा गरे पनि कतिपय घाइतेसँग अस्पतालले पैसा लिएर उपचार गरेका छन्। उनीहरूको खर्च विवरण पनि मन्त्रालयमा बुझाएका छन्। सरकारले भुक्तानी दिएपछि त्यस्तो घाइतेलाई उपचार खर्च फिर्ता गर्ने अस्पतालहरूले जनाएका छन्।

हालसम्म भुक्तानी माग गर्दै विवरण पठाउने अधिकांश अस्पताल उपत्यकाभित्रका छन्। जसमा निजामती अस्पताल, अन्नपूर्ण न्युरो अस्पताल, नेपाल प्रहरी अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, सञ्जीवनी कलेज अफ मेडिकल साइन्स, तीलगंगा आँखा अस्पताल, मनमोहन हृदयरोग केन्द्र, मेडिकेयर अस्पताल, आस्विन्स मेडिकल कलेज एन्ड हस्पिटल, सञ्जिवनी कलेज अफ मेडिकल साइन्सेस, मेट्रो काठमाडौं हस्पिटल, कीर्तिपुर हस्पिटल, नेपाल अर्थोपेडिक हस्पिटल, मध्यपुर हस्पिटल, काठमाडौं मेडिकल कलेज, ह्याम्स अस्पताल, बी एन्ड बी, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर र झापास्थित बी एन्ड सी अस्पतालले उपचारमा खर्च भएको रकम मागेका हुन्।

सबै घाइतेको उपचारमा एक अर्ब ५० लाखहाराहारी खर्च भएको अनुमान

सरकारले जेन-जी आन्दोलनका सबै घाइतेको निःशुल्क उपचार गर्ने घोषणा गरेको छ। स्वास्थ्य मन्त्रालयले घाइतेको उपचारमा एक अर्ब ५० लाखहाराहारी खर्च भएको अनुमान गरे

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २७ मंसिर ०८२
nayapatrikaofficial @nayapatrika

फिल्म



● पवन बराइली



नेपाली सिनेमामा 'भिएफएक्स'

भिएफएक्सकै भरमा बलिउड-हलिउडसँग प्रतिस्पर्धा गर्ने कि आफ्नै मौलिक कथा विश्वसामु पस्कने ? भिएफएक्स प्रयोग गर्नुभन्दा ठुलो कुरा हो- हामीले कस्तो कथा भन्न खोजिरहेका छौं ?

हलिउड र बलिउडका फिल्ममा मानिस उड्छन्, घरहरू भत्किन्छन्, नयाँ-नयाँ संसारमा पात्र पुग्छन् । खतरनाक र रोचक दृश्य फिल्ममा देखिन्छन् । यस्ता दृश्य निर्माण गर्ने मुख्य साधन हो, भिजुअल इफेक्ट्स अर्थात् भिएफएक्स । यसको माध्यमबाट सर्जकले कथालाई अझ प्रभावकारी बनाउँदै दर्शकसामु ल्याउँछन् । वास्तविक रूपमा छायांकन गर्न कठिन वा असम्भव हुने दृश्य भिएफएक्समार्फत निर्माण गरिन्छ । भिएफएक्सले काल्पनिक संसार सिर्जना गर्न सर्जकलाई सघाउँछ । यो प्रविधिको प्रयोग अहिले नेपाली सिनेमामा पनि बिस्तारै बलियो हुँदै गएको छ ।

भिएफएक्सले निर्माण गरेका दृश्य नेपाली चलचित्रको पर्दामा पनि देखिन थालेका छन् । केही समयअघि रिलिज भएको चलचित्र 'जेरी अन टप'मा १५ मिनेटको दृश्य भिएफएक्सबाट निर्माण गरिएको थियो । चलचित्रमा मुख्य पात्र अनमोल केसीले सगरमाथा आरोहण गरेको दृश्य देखाएको छ । चलचित्रका निर्माता सरोज न्यौपाने भिएफएक्स आर्टिस्टले करिब तीन महिना लगाएर चलचित्रको दृश्य निर्माण गरेको बताउँछन् । उनी भन्छन्, 'पात्र साँच्चै सगरमाथा चढ्न असम्भव थियो । त्यसैले सगरमाथा चढेको दृश्य भिएफएक्स गर्नुपरेको थियो ।'

नेपाली फिल्मको स्तर यहाँसम्म पुग्यो भन्ने परिचय दिने गरी कुनै कन्जुस्याइँ नगरी भिएफएक्समा लगानी र समय खर्चिएको उनी बताउँछन् । करिब ६० लाख रुपैयाँ भिएफएक्समा मात्रै खर्च भएको निर्माता न्यौपानेको दाबी छ ।

नेपाली चलचित्रमा भिएफएक्स प्रयोग पछिल्ला वर्षमा बढिरहेको छ । रिलिज हुन लागेको साइन्स-फिक्सन चलचित्र 'एक्लो'मा भिएफएक्स प्रयोग गरिएको छ । निर्माता क्षितिज सुवेदी 'एक्लो'मा ५० प्रतिशतभन्दा बढी दृश्यमा 'भिएफएक्स' प्रयोग गरिएको बताउँछन् । 'अहिले बेलायतमा चलचित्रको भिएफएक्सको काम भइरहेको छ । हलिउड फिल्ममा काम गर्ने भिएफएक्स आर्टिस्टहरूले काम गरिरहेका छन्', उनी भन्छन्, 'नेपाली सिनेमा फरक स्वाद दिन फिल्म निर्माण गर्न खोजेको हो । हामीले पैसाभन्दा पनि काम गर्न खोजका हौं । 'एक्लो'ले दर्शकलाई नयाँ स्वाद दिन्छ । हामीले गरेको भिएफएक्स भयंकर छ भन्न सक्दैनौं । तर, सीमित स्रोतसाधनमा खुम्चिएर पनि कोसिस गरेका छौं, हेर्दा दर्शकलाई अप्राकृतिक लाग्दैन । दर्शकलाई विश्वास दिने हिसाबले काम गरेका छौं ।' 'एक्लो' करिब ६ करोड लगानीमा बनेको निर्माता सुवेदीको दाबी छ ।

नेपालमा चलचित्रको भिएफएक्स अप्राकृतिक देखियो भन्ने आलोचन पनि सुनिन्छ । भिएफएक्स प्रयोग गरिएका कतिपय फिल्म असफल पनि भएका छन् । यसको उदाहरण केही वर्षअघि रिलिज भएको अनमोल केसी अभिनित फिल्म 'क्याप्टेन'लाई लिन सकिन्छ । 'क्याप्टेन'मा फुटबल मैदान, भिड, फुटबल खेलका दृश्यमा भिएफएक्स प्रयोग गरिएको थियो । 'क्याप्टेन'मा कमजोर भिएफएक्सले चलचित्रको दृश्यलाई कृत्रिम र अप्राकृतिक बनाएको आलोचना भएको थियो ।

नेपालमा अधिकांश फिल्ममा भिएफएक्स प्रयोग हुने गरेका छन् । 'झोला' 'कठपुतली', 'नालापानी', 'रावायण' 'जार', 'ब्ल्याक'लगायत धेरै फिल्ममा भिएफएक्स प्रयोग भएका छन् । नेपाली चलचित्रमा भिएफएक्स प्रयोग बढ्दै जाँदा परिणाम भने प्रभावकारी देखिँदैन । भिएफएक्स आर्टिस्ट अनिल न्यौपानेका अनुसार नेपाली सिनेमामा भिएफएक्स प्रयोग कमजोर छ । 'प्रविधिको प्रयोगले फिल्म बलियो बन्नुपर्ने उल्टै कमजोर बनेका उदाहरण धेरै छन् । क्याप्टेन फिल्मपछि भिएफएक्स आर्टिस्ट नेपालमा छैन भन्ने बुझाइ बन्यो, यो सत्य होइन ।'

■ 'भिएफएक्स' प्रविधिको उपहार

भिएफएक्स, प्रयोग भएको 'अवतार'जस्ता फिल्मले विश्वस्तरीय लोकप्रियता पाइसकेको छ । चलचित्रकर्मी सरोज सापकोटा भिएफएक्सलाई फिल्म निर्माणका लागि अपरिहार्य प्रविधि मान्छन् । उनी भन्छन्, 'यसमा महत्त्वपूर्ण कुरा निर्देशकको भिजन हो, निर्देशकको स्पष्ट दृष्टिकोण भयो भने भिएफएक्स प्रभावकारी बन्न सक्छ ।'

सापकोटाका अनुसार हिमालजस्ता दृश्य अहिले स्टुडियोभित्रै तयार गर्न सकिन्छ, जसले फिल्म निर्माणलाई धेरै सहज बनाएको छ । करिब १५ वर्षअघि रिलिज भएको 'आर-वन'ले विश्वस्तरीय चर्चा कमायो । 'बाहुबली'ले विश्वस्तरको भिएफएक्स प्रयोग गरेर तहल्का मच्चाएको उनको विश्लेषण छ । 'बलिउडसँग बजेट, प्रविधि, जनशक्ति छ, तीनवटै तत्त्व हुँदा नै राम्रो भिएफएक्स सम्भव हुन्छ,' उनी भन्छन् ।

पछिल्ला वर्षमा नेपाली फिल्मको बजेट बढ्दै गएसँगै फिल्ममेकरको प्रविधिबारे चेतना पनि बढेको र प्रयोग विस्तार भएको उनी बताउँछन् । नेपालमा देखिने रूपमा भिएफएक्सको सुरु निजी टेलिभिजनको स्थापनापछि भएको उनको बुझाइ छ । 'करिब दुई दशकअघि टेलिभिजनमा लोगो निर्माणमा भिएफएक्स प्रयोग हुन्थ्यो, तर निकै महँगो भएकाले त्यहीं सीमित थियो । कम्प्युटर सस्तो र सहज बन्दै गएपछि बिस्तारै यसको उपयोग बढ्दै गएको हो,' उनी भन्छन् । यादव भट्टराई निर्देशित 'झोला'मा भिएफएक्स राम्रो प्रयोग भएको उदाहरण सापकोटा दिन्छन् ।

■ जोखिमको सिर्जना

हलिउड र बलिउडमा भिएफएक्स प्रयोगले चर्चा र व्यावसायिक सफलता पाइरहँदा नेपालमा भने खासै चर्चा भएको देखिन्न । किन त ? 'अन्तर्राष्ट्रिय फिल्महरूमा 'लियर अफ सुपरभिजन' हुन्छ । भिएफएक्सको क्रियटिभ टिम हुन्छ । हाम्रोमा तहगत सुपरभिजन गर्ने जनशक्तिको अभाव छ । भिएफएक्स उच्चस्तरीय सिर्जनात्मक काम हो,' चलचित्र समीक्षक डा. सचिन घिमिरे भन्छन्, 'निर्देशक आफैंलाई त्यसको ज्ञान कम हुनु, सुपरभिजन नहुनु, लगानी नहुनु र थोरै समय दिने भएर प्रभावकारी काम निकाल्न नसकेको हो ।'

सिनेमा अध्येता तथा निर्देशक अरुणदेव जोशी भिएफएक्स प्रयोग गरेर सिनेमा बनाउनु जोखिमपूर्ण काम भएको बताउँछन् । 'यस्ता चलचित्र बनाउन सजिलो छैन । ठुलो जोखिम छ । मिहिनेत गर्नुपर्छ,' उनी भन्छन्, 'निर्माणका लागि पर्याप्त लगानी चाहिन्छ ।' चलचित्रकर्मी सापकोटा भन्छन्, 'निर्देशकको भिजन स्पष्ट भयो भने भिएफएक्स टिमबाट राम्रो काम लिन सकिन्छ । ऐतिहासिक फिल्महरू राणाकाल, लिच्छविकाल, अझै राम्रोसँग बनाउन सकिन्थ्यो, तर बजेटकै कारण कथा बन्न सकेका छैनन् ।'

■ समय र योजनाको अभाव

भिएफएक्स आर्टिस्ट न्यौपानेको भनाइमा कथाकार र पटकथाकारले चलचित्र लेख्दा भिएफएक्स प्रयोगबारे विचार गर्दैनन् । जसले गर्दा भिजुअल इफेक्ट्सको प्रयोग कथासँग नमिल्न सक्छ । न्यौपानेका अनुसार पटकथा लेख्ने वेलामै भिएफएक्स कहाँ र किन चाहिन्छ भन्ने प्रस्ट हुनुपर्छ । 'अहिले धेरै पटकथाकारले त्यो सोच्दै लेख्दैनन् । भिएफएक्स सस्तो प्रविधि होइन । एक दृश्य तयार गर्न दर्जनौं कलाकार आवश्यक पर्छ । त्यसका लागि खर्चिलो पनि छ ।'

उनका अनुसार समस्या भिएफएक्स कलाकारको अभाव होइन, निर्माण पक्षको बजेट र योजनाको अभाव हो । 'जहाँ बजेट पुग्नुपर्ने हो, त्यहाँ पुग्दैन । पोस्ट प्रोडक्सनमा पुग्दा निर्माताको बजेट सकिन्छ, त्यसपछि गुणस्तरमा सम्झौता गर्नुपर्छ,' न्यौपाने थप्छन्, 'चलचित्र छायांकनदेखि सम्पादन टिम र भिएफएक्स टिम निरन्तर सेटमै बसेर काम गर्नुपर्ने भएकाले यो प्राविधिक रूपमा चुनौतीपूर्ण मानिन्छ । नेपालमा दक्ष आर्टिस्टको अभाव छैन । समस्या भनेको निर्माण पक्षको बजेट र योजना हो ।'

समीक्षक समाजका अध्यक्ष सामिप्यराज तिमिल्सिनाका अनुसार नेपालमा भिएफएक्स आर्टिस्ट सक्षम छन्, तर उनीहरूको क्षमता उपयोग गर्न आवश्यक स्रोत र समयको ठुलो कमी छ । भिएफएक्स तयार गर्न समय लाग्ने भएकाले बजेट नै मुख्य चुनौती देख्छन् उनी । 'सीमित स्रोतमा बसेर स्तरीय भिएफएक्स तयार गर्नु कठिन छ । 'हलिउडका फिल्मका लागि काम गर्न सक्ने नेपाली आर्टिस्ट यहाँ छन्,' तिमिल्सिना भन्छन् ।

पर्याप्त समय नहुँदा अधिकांश भिएफएक्स प्रयोग भएका सिनेमा कमजोर भएको उनको विश्लेषण छ । तिमिल्सिना भन्छन्, 'समस्या भनेकै समयको अभाव हो । धेरै निर्माता-निर्देशकले रिलिज मिति पहिले नै निर्धारण गरिदिन्छन् । सुटिङ ढिलो सुरु गर्छन् र भिएफएक्स आर्टिस्टलाई पर्याप्त समय नदिई हतारमा काम गराउँछन् । आर्टिस्टले गर्न नजानेर होइन, समय नपाएकाले केही फिल्ममा फिनिसिङ राम्रो नआएको हो ।'

■ मौलिकताको प्रश्न

चलचित्र अध्येता तथा निर्देशक जोशीका अनुसार पटकथाकार, निर्देशक, निर्माता, भिएफएक्स आर्टिस्टबिच बुझाइ र लगानीको तालमेल मिल्यो भने स्तरीय चलचित्र बन्न सक्छ । नेपाली सिनेमाले भिएफएक्ससहितको प्रविधि र मौलिक कथावाचनबिच उचित सन्तुलन खोज्नुपर्ने आवश्यकता औंल्याउँछन् उनी । भन्छन्, 'हामी भिएफएक्सको भरमा बलिउड-हलिउडसँग प्रतिस्पर्धा गर्ने कि आफ्नै मौलिक कथा विश्वसामु पस्कने ? भिएफएक्स प्रयोग गर्नुभन्दा ठुलो कुरा हो, हामीले कस्तो कथा भन्न खोजिरहेका छौं ? भिएफएक्समा ठूलो लगानी गरेर अन्तर्राष्ट्रिय फिल्मसँग प्रतिस्पर्धा गर्ने कि मौलिक कथा र भिन्न प्रस्तुतीकरणमार्फत अन्तर्राष्ट्रियस्तरमा हाम्रा सिनेमा पुऱ्याउने ? अहिलेको मुख्य प्रश्न यही हो ।'



हामी आधारभूत भिएफएक्समै सीमित छौं

● **नवीन सुब्बा**, फिल्म निर्देशक

नेपाली फिल्म उद्योग अझै प्रविधि र जनशक्तिको हिसाबले हलिउड-बलिउडको स्तरसम्म पुगेको छैन । नेपालमा केही हदसम्म भिएफएक्स र एनिमेसनको काम भइरहे पनि पूर्णरुपमा विकसित काम भने होइन । विदेशमा अत्याधुनिक टेक्नोलोजी प्रयोग गरेर भिएफएक्स निर्माण गरिन्छ । नेपालमा अहिले पनि मुख्यतया ग्रिनस्क्रिनकै भरमा काम चलाइन्छ । हलिउडको 'अवतार'जस्ता फिल्ममा प्रयोग हुने स्तरको प्रविधि नेपालमा ल्याउने अवस्था छैन । अहिले हामी जे गर्दै छौं, त्यो केवल आधारभूत भिएफएक्स हो । नेपाली फिल्मको ठुलो समस्या बजेट र बजारको क्षमतासँग जोडिएको छ । एउटा फिल्ममा तीन-चार करोड लगानी गर्दा त्यसको रिटर्न सुरक्षित नहुने स्थिति छ । लगानी सुरक्षित गर्न कम्तीमा १० करोडको कारोबार हुनैपर्छ । क्यामेरा, वास्तविक लोकेसनमा काम गर्दा नै यस्तो अवस्था छ भने भिएफएक्स वा अत्याधुनिक साउन्डड स्टुडियो प्रयोग गर्नु त भनै चुनौतीपूर्ण छ । नेपालमा अत्याधुनिक भिएफएक्स ल्याउन न जनशक्ति छ, न त आवश्यक प्रविधि र उपकरण । बजारको क्षमता पनि त्यस्तो स्तरको लगानी उठाउन पर्याप्त छैन । यदि नेपाली फिल्म ५०/७० करोडसम्म कमाउन सक्ने अवस्थामा पुग्यो भने मात्र १०-१५ मिनेटजति उच्चस्तरको भिएफएक्स प्रयोग गर्न सकिन्छ ।

निर्माता आमोद राई चलचित्रको कथामा आवश्यक भई प्रयोग भएमा भिएफएक्सले कथा अझ प्रभावकारी बनाउने बताउँछन् । 'नेपाली चलचित्रलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन प्रविधि मात्र होइन, कथा पनि बलियो हुनुपर्छ, उनी भन्छन्, 'कथा कमजोर भए प्रविधिले बचाउन सक्दैन । कथा बलियो हुनुपर्छ र प्राविधिक रूपमा पनि उत्तिकै बलियो हुनुपर्छ । भिएफएक्स प्रयोग गरेर मात्रै हुँदैन । यसमा सिर्जनात्मक पक्ष महत्त्वपूर्ण हुन्छ ।'

'जेरी अन-टप' अन्तर्राष्ट्रिय दर्शकका लागि पनि बनेको निर्माता न्यौपानेको तर्क छ । 'फिल्मका दृश्य दर्शकलाई अप्राकृतिक लागेनन् र सहजै ग्रहण पनि गरे । सगरमाथा चढेजस्तो अनुभूति दिलाउने भिएफएक्स नेपालमै बनेको हो । दर्शकलाई थाहा नै भएन । यही भिएफएक्सको सफलता हो । नेपालमा स्तरीय फिल्म स्टुडियो नहुँदा धेरै काम नेचुरल सेटिङमै खिच्नुपर्ने बाध्यता छ,' उनी भन्छन् ।

■ भिएफएक्स मात्रै समाधान होइन

युवा चलचित्रकर्मी सौरभ घिमिरेका अनुसार विश्वका कतिपय फिल्ममेकर भिएफएक्सलाई 'कपी'को रूपमा हेर्छन् । उनीहरू यसले वास्तविकताको गहिराइसम्म नपुऱ्याउने बताउँछन् । 'जति पैसा खर्च गरे पनि भिएफएक्सले वास्तविक सेट र वास्तविक अभिनयको अनुभूति ल्याउन सक्दैन,' निर्देशक क्रिस्टोफर नोलनलाई उदाहरण दिँदै घिमिरे भन्छन्, 'नोलनले डंकर्क (२०१६) बनाए । यसमा युद्धका भयावह दृश्य देखाइएका छन्, जहाँ भिएफएक्स प्रयोग भएको छैन, वास्तविक सेटमै छायांकन गरेका हुन् । विमान भुइँमा खस्ने दृश्य पनि उनले वास्तविक विमान खसालेर खिचेका हुन् । विश्वमा धेरै फिल्ममेकरले नोलनको डंकर्कको शैली नक्कल गर्न खोज्छन् ।'

घिमिरे थप्छन्, 'सबै कुरा भिएफएक्समै भर पर्नु हुँदैन । नेपालमा भिएफएक्स प्रयोग बढेको छ । तर, कथावाचनको संरचना अझै बलियो नबनेका कारण यसको प्रभाव सफल देखिँदैन । महँगो मूल्यमा भिएफएक्स प्रयोग गरियो भन्दैमा अन्तर्राष्ट्रियस्तरको फिल्म बन्दैन ।' घिमिरेका अनुसार विश्वस्तरको फिल्म भिएफएक्स प्रयोग नगरी पनि बन्न सक्छ । भन्छन्, 'डिजिटल प्रविधिले संसारभरको फिल्म निर्माणको शैली नै बदलिदिएको छ । महँगो सेट, ठुलो स्टुडियोविना पनि सशक्त फिल्म बन्न सक्छ । भारत, दक्षिण कोरिया, इरानलगायत देशका चलचित्रकर्मीले सामान्य खर्चमा राम्रा चलचित्र निर्माण गरिरहेका छन् ।'

घिमिरेका अनुसार अहिले विश्व फिल्ममा नयाँ-नयाँ जनरा र शैलीको विकास भइरहेको छ । 'युवाहरूले फिल्मको परम्परागत संरचनामा विश्वास गर्न छाडेका छन् । पटकथालाई मात्रै प्राथमिकतामा नराखी पनि फिल्म बनाउन सकिन्छ भन्ने सोचको विकास हुँदै गएको छ,' उनी भन्छन्, 'नेपालमा फिल्म बन्नलाई चलेका स्टार र तीन-चारवटा गीत हुनुपर्छ भन्ने सोच छ । तर, विश्वमा फिल्म बनाउनलाई करोडौंको बजेट चाहिन्छ भन्ने मान्यताबाट पनि बाहिर निस्किँदै छन् ।'

विश्वमा साउन्ड र इमेजलाई मात्रै प्रयोग गरी कलात्मक फिल्म बनिरहेका छन् । त्यसरी बनेका फिल्म कान्स, बर्लिन, भेनिस, लोकार्नीजस्ता फेस्टिभलमा देखाइन्छ । 'आफूसँग उपलब्ध स्रोतसाधनलाई प्रयोग गरेर सिनेमा बनाउन सकिन्छ,' उनी भन्छन्, 'मैले ८-१० वर्षअघि हिमालतिर घुम्न जाँदा ह्यान्डिक्याम, डिएसएलआर क्यामेरा र मोबाइलको क्यामेराले खिचेको भिडियोबाट फिल्म 'संस अफ लभ एन्ड हेट' बनाएँ । यसले बर्लिन फिल्म फेस्टिभलमा अवार्ड पनि जित्यो । पुराना फोटो र भिडियोलाई दृश्यमा ढालेर कथा बुनें । त्यसैले ठुलो सेट र खर्चिलो भिएफएक्स मात्रै प्रयोग गरेर उत्कृष्ट फिल्म बन्छ भन्ने होइन ।'

■ 'रियल लोकेसन' नै प्रभावकारी

स्क्रिप्ट राइटर तथा चलचित्रकर्मी राजेश विश्वकर्माका अनुसार फिल्ममा भिएफएक्स प्रयोग आवश्यक छ, तर यसको प्रयोग विवेकपूर्ण रूपमा हुनुपर्छ । फिल्ममा 'रियल लोकेसन' नै प्रभावकारी हुने उनको अनुभव छ । उनी भन्छन्, 'भिएफएक्स सिनेमाका लागि महत्त्वपूर्ण प्रविधि हो । तर, आवश्यक परे मात्र प्रभावकारी हुन्छ । नेपाली फिल्मका धेरै कथा वास्तविक स्थानमै खिच्दा राम्रो हुन्छ ।'

उनका अनुसार भिएफएक्स प्रयोग गर्नुअघि निर्देशकसँग पर्याप्त ज्ञान, दक्ष जनशक्ति आवश्यक पर्छ । 'भिएफएक्स आफैंमा क्रियटिभ आर्ट पनि हो । तर, प्रयोग गर्ने जनशक्ति राम्रो नभए परिणाम कमजोर आउँछ,' उनी भन्छन् । पुराना कथाका लागि भिएफएक्स अपरिहार्य रहने उनको बुझाइ छ । 'फिल्मको विषय कस्तो छ भन्ने कुराले महत्त्व राख्छ । एक सय वर्षअघिको कथा भन्दै छौं भने भिएफएक्स चाहिन्छ,' उनी भन्छन्, 'गाउँको स्वरूपमै परिवर्तन भइसकेको हुन्छ । त्यसलाई कसरी हटाउने त ? त्यसवेलाको गाउँ निर्माण गर्न सम्भव हुँदैन । त्यस्तो अवस्थामा भिएफएक्स प्रयोग गर्न सकिन्छ ।'

उनका अनुसार नेपाली फिल्ममा आंशिक रूपमा भिएफएक्सको काम भइरहेको छ, तर विदेशी बजारसँग प्रतिस्पर्धा गर्ने खालको गुणस्तर बनाउन अझै समय लाग्छ । विश्वकर्मा भन्छन्, 'अहिले हामी गाउँले परिवेशका कथा भनिरहेका छौं । यस्तो कथामा वास्तविक स्थानकै दृश्यले दर्शकलाई नजिक लैजान्छ । यस्ता कथाका लागि धेरै भिएफएक्सको खाँचो नपर्न सक्छ ।' एक्सन वा साइ-फाइ विधाका फिल्म बनाउन मात्रै भिएफएक्स अपरिहार्य हुने उनी बताउँछन् । उनी भन्छन्, 'प्रविधिविरोधी बन्नुहुँदैन । तर, अहिले रियल लोकेसनकै दृश्यले सिनेमा प्रभावकारी बन्न सक्छ । हामीले भनिरहेका कथा भिएफएक्स प्रयोग हुने खालको छैन ।'

निर्देशक नवीन सुब्बा नेपाली फिल्मी बजार भिएफएक्स प्रयोगसहितको फिल्म धान्न योग्य भइनसकेको बताउँछन् । उनी भन्छन्, 'नेपालमा अत्याधुनिक भिएफएक्स प्रयोगमा ल्याउन न जनशक्ति छ, न आवश्यक प्रविधि र उपकरण नै । बजारको क्षमता पनि त्यस्तो स्तरको लगानी उठाउन पर्याप्त छैन ।'

गीत समाजको साक्षी



संगीत

● हर्क साउद, गीतकार

आजकाल धेरैले लेख्छन्, गाउँछन् । प्रविधि छ, स्वर सम्हालिदिने साधन छ, गीत छिटो बाहिर ल्याइन्छ । यसले राम्रो पनि भएको छ । तर, म भन्छु, गीत भनेको पहिचान हो, त्यो पहिचान पात्र र परिवेश सम्झेर मात्रै जन्मिन्छ ।

धेरैले सोध्छन्, 'गीत कसरी जन्मिन्छ ?' म भन्छु, गीत शब्द मात्रै होइन, यो कथा र पात्र पनि हो । गीत लेख्नुअघि म पात्र र परिवेशभित्र पस्छु । गीत सिर्जनाअघि कथा आउनुपर्छ । कथा कसको हो ? त्यो पात्र कस्तो भूगोलमा हुर्किएको हो ? उसको समाज, संस्कृति, प्रकृति, परिवेश कस्तो छ ? भन्ने कुराले अर्थ राख्छ । पात्रको परिवेशलाई मनन गर्छु । मेरा अधिकांश गीतमा पात्र, कथा, भूगोल, संस्कृति र समय छ । हिउँ, चिया, लेकबेँसी, खर्क, चौतारी, पानीघट्टा, साइला-साइली, वृद्धवृद्धा, बिदेसिएका छोराछोरी, र गाउँले जीवनजस्ता परिवेश नै गीत बनेर आएका छन् ।

गीत लेख्नुअघि भौगोलिक अवस्था, सांस्कृतिक अवस्था र सामाजिक यथार्थलाई बुझ्नुपर्छ । गीतमा समाज र परिवेशको व्याख्या मात्र गर्ने होइन । त्यहाँको माटोको गन्ध आउनुपर्छ । गीत सिर्जना केवल शब्दको क्रम मिलाउने काम मात्र होइन, त्यो जीवनका बिम्ब, भोगाइ र परिवेशसँगको गहिरो संवाद पनि हो । गीत बन्नुअघि कथाको जन्म हुन्छ, अनि कथासँगै पात्र बन्छ । पात्र नआए शब्द कसरी जन्मिन्छ ? गीतको मूल आत्मा पात्र हो, र त्यो पात्र कुन भूगोलमा हुर्किएको छ, उसको संस्कृति, समाज, प्रकृति र समयको अवस्था कस्तो छ भन्ने कुरा गीतको भाव निर्माण गर्ने आधार बन्छ ।

गीतमा भूगोल, संस्कार, प्रकृति ल्याउँछु । गीत सिर्जनामा प्रायः बिम्ब प्रयोग गर्छु । बिम्ब भनेको समाजको प्रत्यक्ष व्याख्या होइन, भावलाई टेवा दिने प्रतिबिम्ब हो । बन्द कोठामा होइन, खुला भूगोलमा जन्मिन्छ गीत । मलाई कतिले 'तपाईं कोठाभित्र बसेर गीत लेख्ने मान्छे' भन्छन् । तर, मनलाई बन्द कोठाभित्र राखेर गीत लेखिँदैन । गीतको सिर्जना गर्ने प्रेरणा सधैं मान्छेको जीवन, प्रकृति र परिवेशबाट नै आउँछ । त्यसैले लेख्नुअघि भूगोललाई नियाल्छु, त्यहाँको हावा, पानी, संस्कृति, वेशभूषा र मानिसको चालचलन गहिरोसँग ग्रहण गर्छु ।

मैले केही समयअघि 'माछापुच्छे झ्यालमल हिउँ फूलको रासैले' गीत लेखेँ । यो गीतलाई धेरैले मन पराउनुभयो । गीतमा माछापुच्छे बिम्बको रूपमा प्रयोग गरेको छु । मैले माछापुच्छेलाई धेरैपटक हेरेको छु, हिउँले ढपक्क छोपिएको दृश्य मनमा बसेको छ । त्यो दृश्य, त्यो झ्यालमल, त्यो चिसो अनुभूति, गीतमा आयो । किनकि म साक्षी बनेको थिएँ । माछापुच्छेलाई हिउँले ढाकेको आफ्नै आँखाले देखेको हुँ । नदेखेको भए त्यो बिम्ब नै आउँदैन ।

मैले लेखेको 'तीनपाते...' गीत धेरैले रुचाए । इलामको चियालाई बिम्ब बनाएको छु । यदि मैले इलामकै चियाबारीमा बसेर चियाको पात नहेरेको भए, त्यो तीन पातको अर्थ गीतमा कसरी आउँथ्यो ? इलामको चियाबगानले जन्माएको हो, 'तीनपाते' गीत ।

गाउँ खाली हुँदै गएको समयलाई गीतमा ल्याएको छु । जस्तो- 'घुमीघुमी...', 'सुनखरी...'जस्ता गीतमा वृद्धवृद्धाको जीवनको कथा छ । गाउँबाट हराउँदै गएको जनजीवन र संस्कृतिको पीडा छ । सन्तान बाहिरिए, गाउँ खाली भए, बुढाबुढी एक्लिँदै गए । गीतले तिनै अवस्थामा उभिएर कथा भन्छ ।

चलचित्र 'ऊनको स्विटर'का लागि 'तिमीविना तिमी हुनु...' गीत लेखेँ । साढे दुई घन्टाको फिल्मलाई कहिले-काहीं दुई-तीन मिनेटको गीतले बुझाउनुपर्छ । 'ऊनको स्विटर' त्यस्तै कथा बोकेको गीत लेखेँ । जहाँ भौगोलिक अवस्था, मौसम, प्रेम, दूरी, मिलन बिछोड सबै बुनिएको छ ।

■ प्रकृतिसँगको अन्तरसम्बन्ध

म गाउँको परिवेशमा हुर्किएँ । पानीमा जाल हानेर माछा मारेको दृश्य देखेको छु । त्यो दृश्य सम्झिँदै गीत लेखेँ :

'छ्याम्मै जाल पानीमा'
आँखा पऱ्यो नानीमा...

यी पंक्ति केवल शब्द मात्र होइनन् । त्यो प्रकृति, श्रम र संस्कृतिको बिम्ब हो । गीत र प्रकृतिको सजीव सम्बन्ध छ । बाल्यकालका दृश्य गीत बनेर आए । गीतमा घाम डुब्ने वेला माछा मार्न जाने मानिस, बिहान घाँस काट्दै जाल हान्न जानेहरूले बनाएको दृश्य आएको छ ।

आजकाल धेरैले लेख्छन्, गाउँछन् । प्रविधि छ, स्वर सम्हालिदिने साधन छ, गीत छिटो बाहिर ल्याइन्छ । यसले राम्रो पनि भएको छ । तर म भन्छु, गीत भनेको पहिचान हो । जुन पहिचान पात्र र परिवेश सम्झेर मात्रै जन्मिन्छ । गीत गाउँने देखिन्छ, भिडियोमा नाच्ने देखिन्छ, तर लेख्ने मान्छे देखिँदैन । त्यसैले कतिपयले गीत लेख्नेलाई चिन्दैनन् । तर, गीत लेखकको मनबाट निस्कन्छ, उसले देखेको समाज, उसले भोगेको कथाबाट जन्मिन्छ ।

गीत लेख्नु भनेको समाजको साक्षी हुनु पनि हो । समाजको, प्रकृतिको र मान्छेको भोगाइबाट गीत जन्मिन्छ । गीत कहिल्यै खाली कापीमा जन्मिँदैन । नेपाली समाज सामूहिक परिवार भएको समाज हो । अहिले धेरै छोराछोरी जन्माइँदैन । परिवारमा साइला र साइली नै हराइसक्यो । मैले दशकअघि 'सुन साइली' गीत लेखेँ । जुन हाम्रो समाजको भोगाइ नै थियो । साइला-साइली हाम्रो समाजका पात्र हुन् । त्यसलाई बिम्ब बनाएर बिदेसिनु पर्दाको भोगाइलाई देखाइयो ।

नेपाली समाज विविध संस्कृतिले बनेको छ । हाम्रो भौगोलिक विविधता छ । जाति र भूगोलको आफ्नै पहिचान छ । मैले गीतमा 'मखमली' शब्द ल्याएको छु । जुन गुरुङ, मगर समुदायको वेशभूषा हो । अर्को मैले 'माथिमाथि पान्थरे टीका...' शब्द ल्याएको छु । मैले फाक्ताङलुङ हिमाल, बेँसी र लेकको मौसमलाई बिम्बको रूपमा उतारेको हुँ ।

जुन भूगोलको गीत लेख्दै छु, त्यो भुगोलको भाषाहरू ख्याल गर्छु । जस्तै, गाउँघरमा बुढापाकाले बोल्ने थेगो, 'चाइनेजो जिन्दगानी...' । यसलाई मैले गीतमा ल्याएँ । आजको पुस्ताले त्यो शब्द सुन्दैन । तर, गीतमा आयो भने नयाँ पुस्तालाई पनि लाग्छ, 'यो त हाम्रो शब्द रहेछ ।'

प्रस्तुति : **पवन बराइली**

एनपिएलमा नौ नेपाली खेलाडीका नाममा अर्धशतक

२७ दिन चलेको एनपिएलमा स्वदेशी तथा विदेशी खेलाडीले प्रतिभा देखाए

खेल



● श्रीलोचन राजोपाध्याय

मंसिर १ देखि सुरु भएको दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) को शनिबार उपाधि भिडन्त हुँदै छ । लगातार दोस्रोपटक सुदूरपश्चिम रोयल्सले फाइनल खेल्दै छ । उसको प्रतिद्वन्द्वी लुम्बिनी लायन्स पहिलोपटक अन्तिम दुईमा पुगेको हो । गत सिजनमा पुछारमा रहेको लुम्बिनीले चालू संस्करणमा लगातार पाँच खेलमा जित निकाल्दै उपाधिको दाबेदारका रूपमा आफूलाई प्रस्तुत गरेको हो । सुदूरपश्चिमले लिग चरणमा विराटनगर किंग्सबाहेक अन्य सबै खेलमा अपराजित रहँदै ब्याक टु ब्याक फाइनल स्थान सुरक्षित गऱ्यो । २७ दिनसम्म निरन्तर चलेको एनपिएलमा स्वदेशी तथा विदेशी खेलाडीले आआफ्नो प्रतिभा देखाउने अवसर पाए । आयोजक नेपाल क्रिकेट संघ (क्यान) ले यसपटक प्रतिस्पर्धालाई रोमाञ्चक बनाउन विदेशी कोटामा थोरैमा चार र धेरैमा ६ खेलाडी अनुबन्ध गर्न पाउने प्रावधान बनाएको थियो । आठ फ्रेन्चाइज टोलीले आफ्नो बजेटअनुसार स्वदेशीलाई अक्सनबाट भित्र्याए भने नाम चलेका विदेशी खेलाडी पनि ल्याए ।

क्यानले पहिलोपटक फ्लड लाइटमा एनपिएल आयोजना गर्दा कतिपय स्वदेशी खेलाडीलाई नौलो अनुभव भएको छ । राष्ट्रिय टोलीमा रहेका खेलाडीलाई फ्लड लाइटको अनुभव रहँदा नयाँ खेलाडीको नजरमा बिल्कुल फरक देखिएको थियो । रोमाञ्चकताले भरिएको एनपिएलमा केही अप्रत्याशित नतिजा पनि आएका छन् । ब्याट्सम्यान हाबी भएको खेलमा बलर फितला देखिए । बलर उत्कृष्ट फर्ममा रहँदा नाम चलेका ब्याट्सम्यान पनि शून्य रनमै आउट हुन पुगे । यही रोमाञ्चकता र प्रतिस्पर्धाले भरिपूर्ण एनपिएलमा फाइनलअघि दुई खेलाडीले मात्र शतकीय इनिङ्स खेलेका छन् । २९ खेलाडीले दोस्रो संस्करणमा फाइनल खेलअघि अर्धशतकीय इनिङ्स खेलेका छन् । तथ्यांकअनुसार यसपटक घरेलु नौ ब्याट्सम्यानले विभिन्न खेलमा अर्धशतक लगाए । यसमा पोखराका कुशल भुर्तेल र सुदूरपश्चिमका विनोद भण्डारीले समान दुई अर्धशतक ठोकेका छन् । काठमाडौं गोर्खाजका भीम सार्कीले केवल १९ बलमा ५० रन जोडे । नेपाली खेलाडीमध्ये कम बलमा अर्धशतक बनाउने उनी पहिलो ब्याट्सम्यान बनेका छन् । विदेशी खेलाडीमा चितवन राइनोजका इंग्ल्यान्डका पूर्वखेलाडी रवि बोपाराले सर्वाधिक तीन अर्धशतक प्रहार गरे । यी हुन् फाइनल खेलअघि अर्धशतक बनाउने नेपाली खेलाडी :

■ लोकेश बम (विराटनगर किंग्स)



विराटागरका ओपनर लोकेश आक्रामक ब्याटिङ गर्न रुचाउँछन् । विराटनगरले पहिलोपटक एनपिएलको प्ले अफमा स्थान बनाउँदा लोकेशले ब्याटिङमा राम्रो योगदान दिएका थिए । तर, टोलीमा विश्वप्रसिद्ध ब्याट्समयानको उपस्थितका कारण उनले आफ्नो प्रतिभा पछिका खेलमा खासै देखाउन पाएनन् । न्युजिल्यान्डका मार्टिन गुप्तिल, दक्षिण अफ्रिका फाफ डु प्लेसिस तथा अस्ट्रेलियाका साम हेजलेटजस्ता खेलाडी हुँदा उनी पछिल्ला तीन खेलमा ओपनिङमा आउन पाएनन् । लोकेशले एक खेलमा अर्धशतकीय इनिङ्स खेलेका थिए । उनले पोखरा एभेन्जर्सविरुद्ध अर्धशतक प्रहार गरेका थिए । यस खेलमा उनले सर्वाधिक ७२ रन बनाउँदा ४८ बलमा सर्वाधिक सात छक्का र एक चौका ठोके । प्रतिस्पर्धामा विराटनगरले पोखरालाई ५३ रनले हराएको थियो । उनकै विस्फोटक ब्याटिङका कारण विराटनगरले एनपिएलकै इतिहासमा सर्वाधिक दुई सय २० रनको योगफल खडा गरेको थियो । लोकेशले नौ खेलमा एक सय ७० रन बनाएका छन् । उनले १३ छक्का र ६ चौका प्रहार गरे ।

■ विनोद भण्डारी (सुदूरपश्चिम रोयल्स)



चालू एनपिएलमा स्वदेशी खेलाडीमध्ये ब्याटिङमा चम्किरहेका विनोद अगाडि पर्छन् । सुदूरपश्चिम लगातार दोस्रोपटक फाइनलमा पुग्दा यी ओपनर तथा विकेटकिपरले महत्त्वपूर्ण योगदान दिएका छन् । चालू एनपिएलमा विनोदले दुई अर्धशतक इनिङ्स खेलेका छन् । २६४ रनका साथ उनी सर्वाधिक रन बटुल्ने खेलाडीको सूचीको दोस्रो स्थानमा छन् । उनले लुम्बिनी लायन्स र विराटनगर किंग्सविरुद्ध अर्धशतकीय योगदान दिएका थिए । यसमा सबैभन्दा महत्त्वपूर्ण विराटनगरसँगको क्वालिफायर वान थियो । सो खेलमा उनले ५२ बलमा ६३ रनको म्याच विनिङ प्रदर्शन गरेका थिए । विराटनगर बलिङमा हाबी हुँदा विनोदले साझेदारीमा विश्वास गरी टोलीको स्कोरबोर्डलाई बलियो बनाए । उनले ५२ बलमा तीन चौका र दुई छक्का ठोके । यसै प्रदर्शनका कारण उनी खेलकै म्यान अफ दी म्याच पनि भए । यस खेलमा सुदूरपश्चिमले विराटनगरलाई ७७ रनले हराउँदै ब्याक टु ब्याक फाइनल स्थान पक्का गरेको थियो । विनोदले लिग चरणमा लुम्बिनीविरुद्ध ६९ रनको अर्धशतीय इनिङ्स खेलेका थिए । लुम्बिनीमाथि सात विकेटको जित निकाल्दा उनले ४९ बलमा ६९ रन जोडेका थिए । यस क्रममा उनले पाँच चौका र चार छक्का प्रहार गरे । विनोदले अर्धशतक बनाएको खेलमा उनी म्याच अफ दी म्याच भएका छन् ।

■ कुशल भुर्तेल (पोखरा एभेन्जर्स)



पोखरा एभेन्जर्स दोस्रो एनपिएलमा पाँचौं स्थानमा रह्यो । तर, पोखराका लागि कप्तान कुशलले भने ब्याटिङमा आफ्नो क्षमताअनुसार योगदान दिएका छन् । नेपाली खेलाडीमध्ये दुई अर्धशतक खेल्ने उनी विनोदभन्दा अगाडि थिए । लगातार दुई खेलमा ५० रन जोड्दै सुरुवातमा उनले सनसनी मच्चाए । तर, त्यसपछिका खेलमा उनको ब्याटिङ खासै जम्न सकेन । उनले बलियो प्रतिद्वन्द्वी विराटनगर किंग्स र सुदूरपश्चिम रोयल्सविरुद्ध अर्धशतक प्रहार गरेका थिए । विराटनगरसँगको खेलमा कुशलले पहिलो अर्धशतक लगाएका थिए । यस खेलमा उनले आक्रामक रूपमा ३१ बलमै अर्धशतकीय इनिङ्स खेलेका थिए । कुशलले पाँच चौका र चार छक्काको सहयोगमा ५३ रन जोडे । प्रतिस्पर्धामा पोखरा विराटनगरसँग ५९ रनले पराजित भयो । यसैगरी, कुशलको दोस्रो अर्धशतक सुदूरपश्चिमविरुद्ध निस्कियो । यस खेलमा उनले ३२ बलमा समान चार छक्का र चौकाको सहयोगमा ५३ रन बनाए । हाइस्कोरिङ खेलमा सुदूरपश्चिमले पोखरामाथि १८ रनको जित निकाल्यो । समग्रमा कुशलले सात खेलमा एक सय ५६ रन बनाए । उनले १२ चौका र ११ छक्का दोस्रो एनपिएलमा लगाए ।

■ अनिल साह (जनकपुर बोल्ट्स)



दोस्रो एनपिएलमा उत्कृष्ट नतिजा निकाल्न नसक्दा जनकपुर लिग चरणबाटै बाहिरियो । लिगमा जनकपुरले एक मात्र जित हात पारेको थियो । जनकपुरका लागि ओपनर अनिलले पोखरा एभेन्जर्सविरुद्धको खेलमा अर्धशतकीय इनिङ खेलेका थिए । पोखराविरुद्ध उनले ३६ बलमा चार चौका र तीन छक्काको सहयोगमा ६१ रन जोडेका थिए । संयोग कस्तो रह्यो भने जनकपुरले जित निकालेको एक मात्र खेल पोखराविरुद्ध नै रह्यो । यसै खेलमा अनिलले अर्धशतकीय इनिङ्स खेलेका थिए । खेलमा उनी म्यान अफ दी म्याच भए । लगातार हारपछि कप्तान पद गुमाएका अनिलले समग्रमा ६ खेलमा ६ इनिङ्स ब्याटिङ गरी ७३ रन जोडे । उनले लिग चरणमा पाँच चौका र तीन छक्का प्रहार गरेका थिए ।

साप्ताहिक राशिफल

२७ **मंसिर** (शनिबार)
५ **पुस** (शुक्रबार)



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद् । **मो.** : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

शुभ दृष्टिमा चन्द्रमा भएकाले यो साता मानप्रतिष्ठा र सामाजिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक क्षेत्रबाट राम्रो लाभ प्राप्त हुनेछ । साथीहरूसित मनोरञ्जन गर्ने अवसर जुर्नेछ । नयाँ व्यवसायको थालनी गरेमा व्यावहारिक रूपमा फाइदा पुग्नेछ । उपलब्धिमूलक यात्रा हुने योग छ । साताको अन्त्यमा पारिवारिक जीवन संतोषप्रद हुनेछ । साझेदार वा सहयोगीको संगतले लाभ प्राप्त हुनेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

गुमेको वा सापटीमा गएको धन फिर्ता आउनेछ । बौद्धिक र प्राज्ञिक क्षेत्रमा राम्रो छ । विगतमा भएका राम्रा क्रियाकलापको स्मरण हुनेछ । भाइबहिनीका तर्फबाट खुसीको खबर प्राप्त हुनेछ । राज्यपक्षबाट सम्मानित हुने अवसर पाइनेछ । सुखी जीवन व्यतीत गर्न मन लालायित हुनेछ । बौद्धिक प्राज्ञिक गतिविधिमा संलग्न हुनेपर्नेछ । सवारी चलाउँदा सतर्कताको खाँचो हुनेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

धार्मिक तथा परोपकारजन्य क्रियाकलापबाट प्रतिष्ठा पाइनेछ । पारिवारिक सम्बन्ध सुदृढ हुनेछ । छोराछोरीको स्वास्थ्य एवं पढाइप्रति जिम्मेवारी बोध हुनेछ । खर्चको मात्रा ह्वात्तै बढ्न सक्छ । प्रशासनिक झैझमेला वा आरोप व्यहोर्नुपर्ने हुन सक्छ । साताको अन्त्यमा प्रेम सम्बन्धमा तिक्तता आउने योग छ । सोचे जस्तो काम सम्पन्न हुन कठिन हुनेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

रामरमाइलो र मनोरञ्जक क्रियाकलापका साथमा साताको सुरुवात हुनेछ । परोपकारका क्षेत्रमा आकर्षण बढ्नेछ । पारिवारिक जीवन सामान्य रहनेछ । राज्यपक्षबाट लाभ प्राप्त हुनेछ । इच्छाएको जिम्मेवारी प्राप्त हुन सक्छ । विशिष्ट व्यक्तिको सहयोग र सल्लाहले स्वास्थ्यमा सकारात्मक संकेत देखिनेछ । साताको अन्त्यमा अन्त्यमा हातमा अचानक सोच्दै नसोचेको धन प्राप्त हुन सक्छ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

प्रशासनिक र राज्यपक्षबाट हुनुपर्ने काममा सफलता प्राप्त हुनेछ । शुभसमाचारको आगमनले मन प्रसन्न रहने छ । शत्रुहरू पराजित हुनेछन् । यश, सम्मान र प्रतिष्ठा प्राप्त हुनेछ । आफन्त र मित्रहरूसँग भेटघाट र रमाइलो गरिने छ । समग्रमा यो साता विभिन्न जिम्मेवारी निर्वाह गर्नुका साथै दौडधूप गर्नु पर्ने समय छ । साताको अन्त्यमा आफन्तहरूबाट भनेजस्तो सहयोग मिल्ने योग रहेको छ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

सहयोगी हातहरू पछि हट्न सक्छन् । गरिएका उद्यममा सफलता प्राप्त हुनेछैन । शत्रुले छवि बिगार्ने प्रयास गर्नेछन् । बुधबार र बिहीबार साझेदारी कामबाट राम्रो प्रतिफल प्राप्त हुनेछ । बिहीबारदेखि स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्ने योग रहेको छ । अनाहकमा अरूले गरेका गल्तीको पनि सजाय भोग्नुपर्ने अवस्था आउला । बोलेको कुराले विपरीत अर्थ प्रदान गर्न सक्छ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

नयाँ ज्ञान प्राप्त हुने योग रहेको छ । साथीभाइ, बन्धुवान्धव र इष्टमित्रबाट राम्रो सहयोग जुटाउन सकिन्छ । सन्तानपक्षबाट राम्रै सरसहयोग प्राप्त हुनेछ । बुधबार र बिहीबार दृष्टिशक्तिमा कमी आउन सक्छ । शुक्रबारपछि प्रेमसम्बन्धमा सुधार आउनेछ, प्रेमीप्रेमिकाका बिचमा सुमधुर र मिठासपूर्ण सम्बन्ध कायम हुनेछ, मनको झुकाव आनन्द र रमणीयतातर्फ उन्मुख हुने संकेत छ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

अभिभावकवर्गको आशीर्वादले काम गर्नसक्छ । परिवारमा खुसीको वातावरण सिर्जना हुनेछ । मायाप्रेम र भावनात्मक क्रियाकलापमा समय व्यतीत हुनेछ । आत्मविश्वास र शीघ्र निर्णय गर्ने क्षमता अभिवृद्धि हुनेछ । पढाइमा राम्रो प्रगति हुनेछ । कसैलाई ज्ञान र अर्ति दिनुभयो लाभ हुनेछ । धनधान्य र सुखसम्पृद्धि जुटाउन मद्दत मिल्ने समय छ । यस अवधिमा विभिन्न जिम्मेवारी वहन गर्नुपर्नेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ । मातापिता र अभिभावक वर्गसँगको सम्बन्धमा सुधार आउनेछ । ढिलै भए पनि तपाईंले भने जसरी नै काम सम्पन्न हुनेछ । मनोरञ्जनका लागि समय र धन खर्च हुन सक्छ । आमा वा मामाको स्वास्थ्यमा नकारात्मक असर पर्न सक्ने समय रहेको छ । जोसँग जतिवेला बोले पनि बडो विचार पुऱ्याएर मात्रै बोल्नु राम्रो हुनेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

पढाइलेखाइमा प्रगति हुनेछ । मिष्ठान्न भोजनको अवसर प्राप्त हुने योग छ । गहना, कपडा वा धातुको कुनै वस्तु खरिद गर्दा लाभ प्राप्त हुनेछ । कार्य सफल हुँदै जानेछ । रमाइलो यात्रा हुन सक्छ । पुराना साथीभाइसित भेटघाट हुन सक्छ । पठनपाठन र बौद्धिक गतिविधिका कारण मानसम्मान र प्रतिष्ठामा बढोत्तरी हुनेछ । व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुनेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

कार्य क्षेत्रमा सुधार आउनेछ । राजनीतिक भ्रमण गरेमा राम्रो छ । विद्यार्थीहरूका लागि यो साता राम्रो छ । इस्टमित्र साथीभाइसँगको भेटघाट रमणीय हुनेछ । नवीन कार्य गर्दा विचारपूर्वक गर्नुहोला । जग्गासम्बन्धी काममा फल प्राप्तिको योग छ । आध्यात्मिक क्षेत्रमा रुचि बढ्नेछ । विद्यार्थीहरूका लागि अध्ययन कार्यमा सफलता मिल्नेछ । साताको अन्त्यमा सामाजिक कार्य बढ्नेछ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

अग्रजको सल्लाहमा कार्य गरेमा सफलता मिल्नेछ । मित्र सहयोगीहरूबाट काममा शुभ छ । विद्यार्थीहरूका लागि अध्ययनशील समय छ । सामाजिक कार्यमा सफलता मिल्नेछ । साताको अन्त्यमा थोरै मानसिक शान्ति हुनेछ । व्यवसायीहरूका लागि लाभ हुने समय छ । यो साताको अन्त्यमा आर्थिक फलसमेत मिल्ने देखिन्छ । उच्च पदस्थ व्यक्तिहरूसँग भेटघाट हुनेछ ।

चर्चा



● सोमनाथ सुवेदी

प्रसिद्ध रुसी कथाकार लियो टोल्सटोयको 'मान्छेलाई कति जमिन चाहिन्छ ?' कथामा मान्छेले जिन्दगीभर धनसम्पत्तिका लागि मरिहत्ते गर्ने, तर मरेपछि उसलाई गाड्न छ फिट जमिन भए पुग्ने मार्मिक विषय छ । विश्वविजेता सिकन्दर महानूले विश्व विजय गरेपश्चात् मर्ने वेलामा भनेका थिए,'मेरेपछि मेरो शवयात्रामा दुवै हात नढाकियून्, ताकि, विश्वविजेता सिकन्दर महान् पनि खालि हात यस संसारमा आएको थियो, र खाली हात गयो भन्ने कुरा सबैले थाहा पाऊन् ।'

मान्छे जीवनमा पद, प्रतिष्ठा, नाम र धनको दौड प्रतिस्पर्धा गर्दा जिन्दगीभर हतारमा हुन्छ । अरूजस्तो हुने रहरमा आफू हुनै बिर्सन्छ । यस्तै, जीवनदर्शनदेखि जिन्दगीका उतारचढावले निर्माण गरेका २१ वटा कथाहरूको सँगालो हो- अन्त्यारम्भ । यस संग्रहमा संकलित कथाहरू हाम्रो जीवनको यथार्थले बुनिएका छन् र तिनमा प्रयुक्त सन्देशले कथाकारको सिर्जनशीलता र विषयगत ज्ञानसमेतको परिचय दिन्छन् ।

■ बसिर अहमद (विराटनगर किंग्स)



विराटनगर किंग्सका अलराउन्डर बसिर समग्रमा एक खेलमा चम्किएका थिए । कर्णाली याक्सविरुद्धको खेलमा उनको अर्धशतकीय इनिङ्स महत्त्वपूर्ण रह्यो । यस खेलमा उनकै अर्धशतकीय इनिङ्सका कारण विराटनगरले कर्णाली याक्समाथि एनपिएलकै सनसनी जित निकाल्यो । बसिरले कर्णालीविरुद्ध ४३ बलमा समान तीन छक्का र चौकाको सहयोगमा ६२ रन जोडे । हारको एकदम नजिक पुगेको विराटनगरले अन्ततः कर्णालीमाथि तीन विकेटको जित निकाली प्ले अफ यात्रा सहज बनाएको थियो । बसिरले नौ इनिङ्समा १९१ रन बनाएका छन् । उनले समान नौ चौका र छक्का प्रहार गरेका छन् । उनको ब्याटिङ स्ट्राइक ११७ रह्यो ।

■ भीम सार्की (काठमाडौं गोर्खाज)



चालू एनपिएलमा नेपाली खेलाडीमध्ये सबैभन्दा कम बलमा अर्धशतकीय इनिङ खेल्ने काठमाडौंका भीम हुन् । पोखरा एभेन्जर्सविरुद्धको खेलमा भीमले केवल १९ बलमै अर्धशतकीय इनिङ्स खेलेका थिए । समग्रमा उनले पोखराविरुद्ध २३ बलमा पाँच चौका र चार छक्काको सहयोगमा ५५ रन जोडेका थिए । उनको विस्फोटक ब्याटिङको सहयोगमा काठमाडौंले पोखरामाथि १३ रनको रोमाञ्चक जित निकाल्यो । उनी खेलकै म्यान अफ दी म्याचसमेत भए । भीमले एनपिएलमा पाँच खेलमा ९० रन जोडेका छन् । उनले १५५ स्ट्राइकमा ब्याटिङ गरी पाँच चौका र सात छक्का प्रहार गरेका थिए ।

■ अर्जुन साउद (चितवन राइनोज)



नेपाली युवा खेलाडीमा अर्जुन प्रतिभाशाली ब्याट्सम्यानका रूपमा चिनिन्छन् । तर, उनले एनपिएलमा आफ्नो पोसेसनअनुसार ब्याटिङ गर्ने अवसर खासै पाएनन् । ओपनिङमा आउँदा अर्जुन आक्रामक रूपमा प्रस्तुत हुन्छन् । चितवनमा विदेशी खेलाडी रहँदा उनले अवसर नपाएका हुन् । तर, मौका पाउँदा उनले जनकपुरविरुद्धको खेलमा अर्धशतकीय इनिङ्स खेले । उनले प्रतिस्पर्धामा ३९ बलमा चार चौका र तीन छक्काको सहयोगमा ५२ रन बटुलेका थिए । उनले सात खेलमा ६ इनिङ्स ब्याटिङ गरी ८७ रन जोडेका थिए । उनले दोस्रो एनपिएलमा आठ चौका र चार छक्का प्रहार गरेका थिए ।

■ ईशान पाण्डे (सुदूरपश्चिम रोयल्स)



सुदूरपश्चिमको फाइनल यात्रामा प्रत्येक खेलमा ब्याट्सम्यान वा बलरले योगदान दिएकै थिए । जनकपुर बोल्ट्सँगको प्रतिस्पर्धामा सुदूरपश्चिमका लागि एमबिबिएस डाक्टर ईशानले अर्धशतकीय इनिङ्स खेलेका थिए । उनले जनकपुरविरुद्धको खेलमा केवल ३५ बलमा ५६ रन जोडे । खेलमा उनले आठ चौका र एक छक्का प्रहार गरेका थिए । प्रतिस्पर्धामा सुदूरपश्चिमले जनकपुरमाथि ६ विकेटको सानदार जित निकाल्दा ईशान खेलका म्यान अफ दी म्याच भए । ईशानले सात इनिङ्समा १२७ रन बनाएका छन् । उनले १२ चौका र चार छक्का प्रहार गरे ।

■ आसिफ शेख (जनकपुर बोल्ट्स)



दोस्रो एनपिएलको उद्घाटन खेल साविक विजेता जनकपुर बोल्ट्स र काठमाडौं गोर्खाजबिच थियो । प्रतियोगिताकै पहिलो खेलमा जनकपुरका आसिफले अर्धशतकीय इनिङ्स खेलेका थिए । उनले ४१ बलमा ६ चौका र एक छक्काको सहयोगमा ५४ रनको योगदान दिए । प्रतिस्पर्धामा उनको अर्धशतकीय योगदान त्यति प्रभावशाली भएन । खेलमा काठमाडौंले पाँच विकेटले बाजी मार्‍यो । आसिफले सात खेलमा १०५ रन बनाएका छन् । उनले प्रतियोगितामा १३ चौका र चार छक्का प्रहार गरे ।

■ दुई विदेशी खेलाडीको शतक, २० को अर्धशतक



मार्क वाट (काणाली) · एडम रोसिंटन (पोखरा) · रवि बोपारा (चितवन) · सञ्जय कृष्णामूर्ति (जनकपुर) · प्रियांक पञ्चल (कर्णाली) · बेन चार्ल्सवर्थ (काठमाडौं)



डार्सी सोर्ट (लुम्बिनी) · क्रिस लिन (सुदूरपश्चिम) · हरमित सिंह (सुदूरपश्चिम) · मार्टिन गप्टिल (विराटनगर) · जोन सिमसन (काठमाडौं) · डेभिड मलान (चितवन) · साम हेजलेट (विराटनगर)




माज सदाकत (जनकपुर) · जोस ब्राउन (सुदूरपश्चिम) · जिमी निसम (पोखरा) · फाफ डु प्लेसिस (विराटनगर) · वाने पार्नेल (जनकपुर) · सुमित बर्मा (पोखरा) · ऋषि धवन (पोखरा)

चालू एनपिएलमा फाइनलअघिसम्म २० जना विदेशी खेलाडीले अर्धशतक बनाएका छन् । पोखराका एडम रोसिङटन, जनकपुरका सञ्जय कृष्णमूर्ति र कर्णाली याक्सका प्रियांक पञ्चलको नाममा दुई अर्धशतक छ । पोखरा एभेन्जर्सका एडम रोसिङटन र कर्णाली याक्सका मार्क वाटले शतक बनाए । एडमले कर्णालीविरुद्ध ५८ बलमा १०८ रन जाडे । उनले ११ चौका र सात छक्का प्रहार गरेका थिए । चालू एनपिएलमा पहिलो शतक कर्णालीका मार्कले बनाएका थिए । उनले लुम्बिनीविरुद्ध ४४ बलमा ६ चौका र १२ छक्काको मद्दतमा ११४ रन जोडेका थिए ।

फरक पहिचानको आलोकमा 'अन्त्यारम्भ'

निबन्ध, अखबारका आलेख र समसामयिक विषयमा कलम चलाएर आफ्नो विशिष्ट पहिचान निर्माण गरेका डा. टीकाराम पोखरेलले यो संग्रहमार्फत फेरि एकपटक आफ्नो अलग चिनारीलाई स्थापित गरेका छन् । भाषिक रूपमा अब्बल र तिख्खर भएर जनजीवनको बोलीलाई आफ्ना सिर्जनामा कलात्मक तवरले प्रकट गर्नु उनको विशेषता हो । आफ्नो यही मूल विशेषतालाई उनले यो पछिल्लो प्रकाशनमा पनि निरन्तरता दिएका छन् ।

'अन्त्यारम्भ'मा विषयको विविधता छ । प्रेम, यौन, जीवनदर्शन, देशको दूरावस्था, मानव अधिकारप्रतिको खिसिटिउरी, लैंगिक हिंसा र समाजका विकृतिहरूलाई कथाले विषयवस्तुका रूपमा ग्रहण गरेका छन् । कथासंग्रहभित्रका हरेमुरारे, बिहेको कोट, गाउँ हराएको सूचना, कथाभित्रको कथा, भूतपूर्व प्रेमिका, मातृत्व भोक, चरित्र(हीन), छोक्रा, लिलामीमा प्रेम, नजन्मेकी वीरांगना, कामोद्यान, न्यायाधीशकी छोरी, अधिकार हराएको चित्र, वर्गशत्रु, जनताको पार्टी, नमस्कार, स्वानसभा, भकुन्डो जिन्दगी, भगवान्, न्यायको योग्यता र अन्त्यारम्भ शीर्षकका २१ वटा कथाहरूले कथाकारको सिर्जनात्मक चेत, क्षमता र सामाजिक सोचलाई सर्लक्क अनुवाद गरेका छन् । आफ्ना कथाहरूको अनुहारमा आफ्नो समयलाई उजागर गर्नु सजिलो काम होइन । तर, कथाकारले त्यही असजिलो



कामलाई फत्ते गरेका छन् ।

चरित्रहीन, छोक्रा, लिलामीमा प्रेम, नजन्मेकी वीरांगना, भगवान्जस्ता कथाहरूले लैंगिक समानता र महिला अधिकारको विषयमा लोभलाग्दो शैलीमा समाजको वास्तविकतालाई झल्काएका छन् भने वर्गशत्रु, जनताको पार्टी, बेपत्ता न्यायजस्ता कथाहरूले देशको राजनीतिक विकृतिको तस्बिर प्रस्तुत गरेका छन् । अधिकार हराएको चित्र कथाले मानव अधिकारको चरम दूरावस्थाको चित्रण गरेको छ । जिन्दगी एक भकुन्डो लेखक स्वयंको भोगाइ हो भने अन्त्यारम्भ कथा मानव जीवनदर्शन हो । यसैगरी, स्वानसभा राजनीतिप्रतिको तीखो व्यंग्य हो भने कामोद्यान यौन मनोविज्ञानमा आधारित कथा हो ।

आजको मान्छेले गर्ने प्रेममा प्रेम छैन, प्रदर्शन छ । भावना छैन, भौतिकता छ । त्यसप्रति उनले इमानपूर्वक विमति राखेका छन् । तथापि, उनको विमति प्रश्नसहितको छ । ती प्रश्नमा मात्रै प्रश्न छैनन्, तिनमा असन्तुष्टि पनि छ । जस्तै- मानिस प्रेममा होस् वा यौनमा इमानदार छैन । वैश्य युगमा जुनसुकै कुरा पनि व्यापारीकरण भइसकेकाले यौन र प्रेममा समेत इमानदार मान्छे पाउन गाह्रो भएको छ । यौनका मामिलामा मान्छे पशुजत्तिको पनि इमानदार हुन नसकेको तथ्यले उनलाई भित्रभित्रै गुम्स्याएको छ । निसास्सिएर छट्पटाएका कथाकारले कथाकै सहारामा आफूलाई फुक्काफाल बनाउन यत्न गरेको अनुभव कथामा गर्न सकिन्छ ।

देश अशिक्षा, अन्धविश्वास र गरिबीको जालोमा जगडिएको छ । यो अशिक्षा, अन्धविश्वास र गरिबीको जालोबाट देशलाई बाहिर निकाल्न कुनै युगपुरुषको आवश्यकताबोध कथाकारलाई भएको छ । त्यसका खातिर देशले वीर र वीरांगना खोजिरहेको छ । तर, तिनै वीरांगनाहरू नजन्मिदैं भ्रुणमै मारिइरहेको तीतो पक्षलाई उनले सत्यको प्रकटीकरणमा खरो उत्रिएर उजागर गरेका छन् ।

कक्षाकोठामा भोगेको विभेद



समाज



● श्रद्धा नेपाली

आफ्नै देशमा पराइजस्तो महसुस हुन्छ । दलित भएकै कारण भोगेको भोगाइ लेख्न थाले भने धेरै हुन्छ । आफ्नो मात्रै तिता अनुभव लेखें भने मैलेभन्दा धेरै विभेद भोगेका आमा, बुबा, दिदी, बहिनी र दाजुभाइको पीडा छुट्नेछ । हामी राष्ट्रगानले भनेजस्तो फूलको मालामा उनिएका छैनौं, काँडाको जीवन बाँचिरहेका छौं ।

नेपाल पहाडले ढाकेको, बहुसांस्कृतिक, बहुजातीय र बहुभाषिक एउटा सुन्दर देश । बाल्यकालदेखि नै मैले सुनेको थिएँ, 'विविधतामा एकता छ नेपालमा ।' मेरो कोमल मनले विश्वास गर्‍यो कि नेपालीहरू फूलको मालाजस्तै हुन्, जहाँ हरेक फूलको आफ्नै महत्त्व छ । तर, समय बित्दै जाँदा मेरा ती सुन्दर विचार चकनाचुर हुँदै गए । वास्तविकताले मेरो विचारलाई गलत साबित गर्‍यो ।

■ कक्षाकोठामा बिर्सिएको पहिचान

त्यो दिन आज पनि सम्झन्छु । सामाजिक अध्ययनको कक्षा थियो । शिक्षकज्यू नेपालका सांस्कृतिक लुगा, लोकगीत र राष्ट्रिय बाजाका बारेमा पढाउँदै हुनुहुन्थ्यो । उत्साहका साथ उहाँले एक-एक गरेर विद्यार्थीहरूलाई सोध्नुभयो,'तिम्रो सांस्कृतिक लुगा के हो ?'

मेरो पालो आउँदै थियो । म पनि जवाफ दिन तयार थिएँ । तर मेरो नाम आएन । मेरो पालै आएन । पूरै कक्षा सकियो, तर शिक्षकको नजर मसम्म पुगेन । शिक्षकले दलित समुदायको सांस्कृतिक पहिरन, कला, सीप, योगदानको बारेमा कहिले पढाउनुभएन ।

त्यो दिन मैले महसुस गरैं, सायद दमाईं जातिको आफ्नो कुनै सांस्कृतिक पहिरन छैन भन्ने । मेरो मनमा एउटै प्रश्न उठिरह्यो, 'हामी अरूका सांस्कृतिक लुगा सिलाउनका लागि मात्र जन्मिएका हौं ?' त्यो कक्षाकोठाको मौनताले मलाई चर्को आवाजमा भन्यो- तिम्रो अस्तित्व यहाँ गणना हुँदैन ।

> शिक्षकले जातप्रथाबारे पढाउनुभयो । उहाँले भन्नुभयो, 'जयस्थिति मल्लले व्यवसायका आधारमा जातको विभाजन गरेका थिए । समाजमा उच्च र निम्न जात छन् ।' मेरो मनमा अनगिन्ती प्रश्न उब्जिए । यदि यो पेसाका आधारमा विभाजन थियो भने आज किन हामीलाई जन्मजात तल्लो ठानिन्छ ?

केही दिनपछि त्यही शिक्षकले जातप्रथाको बारेमा पढाउनुभयो । उहाँले भन्नुभयो, 'जयस्थिति मल्लले व्यवसायका आधारमा जातको विभाजन गरेका थिए । समाजमा उच्च र निम्न जात छन् ।'

मेरो मनमा अनगिन्ती प्रश्न उब्जिए । यदि यो पेसाको आधारमा विभाजन थियो भने, आज किन हामीलाई जन्मजात तल्लो ठानिन्छ ? किन हामी त्यो 'पेसा' परिवर्तन गरेपछि पनि सामाजिक भेदभावबाट मुक्त हुन सकेनौं ?

शिक्षकले सतीप्रथालाई निर्मूल गरिएको कुरा पढाउँदै गर्दा मेरो दिमागले चिच्यायो,'के जातप्रथा पनि त्यस्तै क्रूर र अमानवीय प्रथा होइन र ? यसलाई किन अझै जिउँदै राखिएको छ ?'

उत्तर सजिलो थियो, हामी दलित संख्यामा कम छौं । हाम्रो पीडा तथाकथित 'उच्च जात'को बहुसंख्यकलाई असर गर्दैन । त्यसैले उनीहरूलाई हामीमाथि हुने अमानवीय व्यवहारको कुनै चासो छैन ।

■ हरेक दिन भोग्नुपर्ने अपमान

जातीय भेदभावको कुरा गर्दा मसँग धेरै पीडादायी अनुभव छन् । पहिलो अपमान- मेरो आफ्नै गाउँको तथाकथित ब्राह्मणको घरमा प्रवेश निषेध । किनभने म 'निम्न जात'को थिएँ । दोस्रो अपमान- भाडाको कोठा खोज्दा एउटा पछि अर्को ढोका बन्द भयो । कारण, मेरो जात । तेस्रो अपमान- मैले प्रेमले दिएको खाना र पानी अस्वीकार गरियो । किनभने म 'छुवाछुत' जातको मानिने थिएँ । हरेक अस्वीकारले मेरो मानवीय गरिमामा चोट पुऱ्यायो । तर, म बाँचिरहैं, किनभने मसँग अरू विकल्प थिएन ।

डा. भीमराव अम्बेडकरले भन्नुभएको थियो, 'कानुन संशोधन गर्न मानिसहरूका मानसिकता र मन परिवर्तन गर्नुभन्दा सजिलो छ ।' उहाँले निम्न जातका मानिसहरूका लागि कानुनी संरक्षण सुरक्षित गर्नुभयो ।

नेपालको संविधान २०७२ ले पनि दलित अधिकारलाई संरक्षण र सुरक्षा दिन कानुनी प्रावधान राख्यो । यस संविधान भएका हक हुन् : धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत र भेदभावबाट संरक्षण, धारा ४० मा दलितको हक र दलित आयोगको गठन । यसबाहेक, छुवाछुत र जातीय भेदभाव (अपराध र सजाय) ऐन, २०६८ ले सख्त प्रावधान राखेको छ । तर, यी सबै कानुन कागजमा मात्र सीमित छन् । कार्यान्वयन शून्य छ ! हाम्रो गरिमा र जीवनको संरक्षण अझै सपना मात्र भइरहेको छ ।

■ मेरो प्रश्न

सम्बन्धित मन्त्रालयका अधिकारीहरूलाई मेरो प्रश्न छ,'तथाकथित उच्च जातको व्यक्तिसँग अन्तरजातीय विवाह गरेको भनेर हामीले अझै कति ज्यान गुमाउनुपर्छ ? यस्ता क्रूर हत्याका लागि को जिम्मेवार हो ? के तपाईं पीडित परिवारलाई उनीहरूको सन्तान फर्काउन सक्नुहुन्छ ?'

दलित आयोगका अध्यक्षज्यूलाई मेरो प्रश्न,'अहिलेसम्म तपाईंले जातीय भेदभाव र छुवाछुतलाई हटाउन के ठोस योजना बनाउनुभएको छ ? कागजमा मात्र वार्षिक प्रतिवेदन पेस गर्नुबाहेक के गर्नुभएको छ ?'

मलाई थाहा छ, उनीहरूसँग कुनै जवाफ छैन । किनभने हामी उनीहरूका लागि मतदाता मात्र हौं, मतगणनाको संख्या मात्र हौं । हाम्रो हक र पीडाको उनीहरूलाई कुनै वास्ता छैन ।

■ परिवर्तनको आशा

जातीय भेदभाव र छुवाछुत समाजबाट त्यसवेला मात्र हट्न सक्छ जब जागरुक अभियान गाउँ-गाउँमा, टोल-टोलमा चल्छ । भेदभाव गर्नेलाई कडा सजाय कानुनमा मात्रै भएर हुँदैन । कार्यान्वयन हुनुपर्छ । दलित समुदायको इतिहास र योगदानलाई समावेश गरी शैक्षिक पाठ्यक्रम सुधार गरिन्छ । दलितहरूले नेपाल निर्माणमा गरेको योगदानको मूल्यांकन गरिनुपर्छ ।

मैले कानुन डिग्रीका लागि होइन, आफ्नो समुदायलाई उठाउनका लागि पढेको हुँ । म विश्वास गर्छु कि एक दिन मजस्ता धेरै मानिस उठ्नेछन् र समानता, आदर र गरिमाका लागि प्रयास गर्नेछन् । यो समय हो उठ्ने, बोल्ने र आफ्नो हकका लागि लड्ने । नसुनिएका आवाज उठाऔं । निडर बनौं । आफ्नो जात लुकाउनुपर्ने दिन समाप्त होस्, किनभने महाकवि लक्ष्मीप्रसाद देवकोटाले भन्नुभएको थियो, 'मानिस ठुलो दिलले हुन्छ, जातले हुँदैन,' यो पंक्तिलाई वास्तविकतामा परिणत गरौं । यदि हामीले साँच्चै चाह्यौं भने, परिवर्तन सम्भव छ । एक हौं अनि एक भइन्छ ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



श्रेया होलिडेसँग एक यात्रा

पुग्नुपर्ने थियो काठमाडौं, गाडी अघि नबढेपछि निवेदन दिन प्रहरी चौकीतिर लागें

संस्मरण



● मीनराज बसन्त

कात्तिक, १८ । बिहान करिब १० बजे नारायणगढ, चितवनबाट काठमाडौं फर्किनका लागि बस समातें । अलि हतार नहुँदा म साना माइक्रोभन्दा बस नै चढ्न रुचाउँछु । माइक्रोमा सिट पनि साँघुरा हुने, गाडी पनि अचाक्ली बत्तिने भएकाले यो यातायात मेरो दोस्रो रोजाइमा पर्छ । अँ, सोही साँझ अफिस पुग्नुपर्ने थियो । तर, दिनभरिको समय भएकाले पनि मैले सिद्धार्थ यातायात प्रालिअन्तर्गत सञ्चालित श्रेया होलिडेको लु २ ख ६०३५ नम्बरको बसमार्फत यात्रा गर्ने निश्चय गरें, जुन बस भैरहवातिरबाट आएको थियो ।

त्यसो त नेपालका सबैजसो सार्वजनिक यातायात समयमा चल्दैनन् । उता जापानमा ३३ सेकेन्ड ट्रेन ढिला हुँदा सार्वजनिक रूपमै माफी मागिएको समाचार पढेकै हो । खैर, यो नेपाल हो, जापानको जस्तो सिस्टम यहाँ खोजेर हुने कुनै भएन । बस नेपाली पारामा निकै ढिला गरी हिँड्यो । आँपटारी आउँदा नआउँदै सुचीले च्याप्यो । कन्डक्टरलाई सुचीकर्मका लागि बस कहाँ रोक्छ ? भनेर सोध्दा उसले एक शब्दमा 'अगाडि' भन्यो । बसकै अर्का एक यात्रुलाई पनि गाह्रो भएछ क्यारे ! उनले अलि चर्के आवाज गरेपछि अन्ततः बस आँपटारीमा रहेको सार्वजनिक शौचालयअगाडि रोकियो । त्यसपछि मात्रै बसले गति समात्यो ।

मुग्लिन आइपुग्न त्यस्तै पाँच–सात किलोमिटर थियो । बसमा अचानक प्राविधिक समस्या देखापऱ्यो । गाडीलाई सडकको छेउ लगाएर स्टाफले नै ठाकठुक पारे । केहीछिनमै बस बन्यो पनि । त्यसपछि गाडीले पुनः गति पक्रियो । लगभग खाली-खालीजस्तो सडकमा बस बिस्तारै गुडेको चाल पाएपछि मैले लख कार्टें- पक्कै, समस्या पूर्ण रूपमा समाधान भइसकेको छैन, मुग्लिन पुगेर ग्यारेजमा हाल्ने होला । नभन्दै भयो पनि त्यस्तै ।

बस दायाँतर्फ रहेको एउटा ग्यारेजमा गएर अडियो । अनि सुरु भयो, मर्मतसम्भारको काम । मेसिनरी चिज बिग्रिन्छ, यो अति सामान्य कुरा हो । कुनै चिज तत्काल बन्छ त कुनैले समय लिन्छ, यो फेरि अर्कै कुरा हो । तर, उक्त बस कतिन्जेलसम्म बनिसक्छ, त्यो स्वयं मिस्त्रीलाई पनि थाहा थिएन । केही समय लाग्ने भएपछि बसबाट क्रमशः यात्रुहरू झर्न थाले । मैरे आडमा बसेकी एक महिलाले गुनासो गरिन्, 'आजकलका बस बाहिरबाट हेर्दा मात्रै नयाँ देखिने बनाउँछन् । भित्रभित्रै इन्जिन थोत्रा भइसक्छन् । पुराना गाडी डेन्टिङ पेन्टिङ गरेर नयाँ बनाउँछन्, त्यसैमा हामीजस्ता झुक्किन्छौं ।'

उनको कुरा अस्वाभाविक थिएन । मैले सरकारलाई सम्झिएँ, जसले २० वर्षभन्दा पुराना गाडी सडकमा कुद्न नदिने अर्थात् नवीकरण गर्न नदिने प्रावधान ल्याएको थियो । पहलकदमी पनि सुरु भएको हो । तर, त्यो प्रावधान कति कार्यान्वयन भयो, त्यसको जानकारी सरकारलाई नै छैन, नागरिकलाई हुने त झन् कुरै भएन ।

यात्रुहरू छनोटका आधारमा छेउछाउका पसलमा पसे । आ-आफ्नो रुचिअनुसार खाजा तथा विभिन्न पेयपदार्थ खान थाले । तिनैमध्ये दुईजना २२-२३ वर्ष उमेरका लाग्ने दुई युवतीले मदिरा पान गर्न थाले । यो मेरा आँखैअगाडिको दृश्य थियो । चालकले मदिरा तथा लागुऔषध सेवन गरी सवारीसाधन चलाउन पाइँदैन । त्यसको निगरानी गर्न ट्राफिकले मापसे-लापसे चेक गर्छ र सोहीअनुसार कारबाही पनि गर्छ । तर, यात्रुलाई कसले गर्ने ? कसले सम्झाउने ? एक मन त 'सार्वजनिक यातायातमा मदिरा पान गर्नुहुँदैन, यसले अरूलाई पनि असर गर्छ' भन्न मन थियो । तर, किन बोल्नु भन्ने ठानेर चुप लाग्नु नै बेस ठानें । पछि यसको भुक्तानी मैले राम्रै गर्नुपऱ्यो ।

दाइ कतिवेला गाडी बन्छ ? भन्दा गाडीका स्टाफले जतिवेला सोध्दा पनि आलोपालो दिने उत्तर थियो- 'अब १५ मिनेटमा बन्छ, अब सक्कियो, हिँडिहाल्छ ।' यसो भन्दाभन्दै साढे तीन घण्टा मुग्लिनमै बित्यो । तर, गाडीले बन्ने छेकछन्द फिटिक्कै देखिएन । ऐनमौकामा ती दुई युवतीले मदिरामाथि मदिरा थपिरहेका मात्रै थिएनन्, उनीहरूलाई साथ दिन अर्को ठिटो पनि थपिएको थियो । संवादमा उनीहरूको जिब्रो सडकको छेउछेउ हिँडिरहेको थियो । घरी खित्तिन्त हाँस्थे, घरी द्विअर्थी शब्द प्रयोग गर्थे । यसरी चितवनको गर्मीमा समय उच्चाटलाग्दो बन्दै थियो ।

जब मलाई गाडी अझै केही समय बन्दैन भन्ने लाग्यो, अर्को गाडीमार्फत जाने विचार गरें । यतिवेलासम्म पनि कुनै यात्रुमा छटपटी देखिएको थिएन । चुपचाप वल्लापल्ला दोकानमा बसिरहेकै थिए, इच्छानुसारका खानेकुरा खाइरहेका थिए र बाँकी समय मोबाइलमा घोप्टिइरहेकै थिए । छ न म पनि उनीहरूकै छेउछाउमा उसैगरी बसिरहेको थिएँ । तर, समय घर्किंदै जाँदा मभित्र धैर्य पनि घर्किंदो थियो । आफैंले दाबी गर्न मन लाग्यो- संसारमा सबैभन्दा फुर्सदिला कोही छन् भने ती नेपाली नै हौं, जसलाई डोजरले बाटोघाटो खनेको वा भत्काएको हेर्नसमेत फुर्सद हुन्छ । मेला नै लाग्छ । केही समयअघि 'डोजर काण्ड' नै भाइरल भएको थियो ।

यहाँनेर भन्नुपर्ने हुन्छ, मसँग दुईवटा झोला थिए । एउटा बसभित्र आफूसँगै थियो भने अर्को डिक्कीमा । मैले जाने निर्णय गरेसँगै बसका सहचालक भाइलाई डिक्कीको झोला निकालिदिन अनुरोध गरें । तर, भाडा उठाउनेचाहिँ अर्कै अधबैंसे थिए । सुरुमा त अत्यन्त विनम्रतापूर्वक आग्रह गरें । उसले सुन्दै सुनेन । त्यसपछि अलि चर्को स्वर गर्नुपर्ने बाध्यता आइलाग्यो । मेरो सरल माग थियो- मुग्लिनसम्मको भाडा काटेर बाँकी फिर्ता देऊ, म आफ्नै तरिकाले जान्छु । जवाफमा उक्त भाइले भाडा फिर्ता हुन्न भन्यो, झर्केर । उसको त्यो प्रस्ताव मान्न पनि म राजी भएँ । किनकि, मलाई अब त्यही कवाडी बस पर्खेर बस्नु थिएन । तर, के कुरामा ढुक्क थिएँ भने उसले अहिले भाडा फिर्ता नदिए पनि कुनै न कुनै माध्यमबाट ढिलोचाँडो भुक्तान गर्नैपर्छ । कारण, मलाई सार्वजनिक सवारीसाधनको नियमकानुनमा विश्वास थियो ।

बल्ल एकाध यात्रुको गला खुल्न थालेको थियो । नबुझिने भाकामा गनगन गर्न थाल्दै थिए । म भने बसभित्रको झोला उठाएर बाहिर निस्किएँ । गुरुजी, कन्डक्टर र मिस्त्री ठोकठाक र जोडजाडमै व्यस्त थिए । खासखुसमा थाहा भयो, गाडीको बेल्ट चुँडिएको (यस्तै केही) रहेछ ।

मेरो कैयौंपटकको अनुरोधपछि पनि सहचालक भाइ डिक्कीबाट झोला झिकिदिन तयार भएन । जबकि, उसकै इच्छाअनुसार म भाडा फिर्ता नलिन सहमत भइसकेको थिएँ । उसले कुनै वास्ता नगरेपछि आफू साँझसम्म अफिस पुग्नुपर्ने बाध्यता बताउँदै अब पनि झोला नझिकिदिए प्रहरीलाई खबर गर्ने बताएँ । यो मेरो बाध्यता मात्रै थिएन, एउटा सवारीसाधनले यात्रुमाथि गरेको ज्यादतीको केही हदसम्म भए पनि कानुनी उपचारमा जाने बाटो थियो ।

प्रहरीको नाम के लिएको थिएँ, सहचालक भाइ उद्दाम झर्कियो । उल्टै भन्यो, 'किन प्रहरीलाई भन्छु भनिस् ? झोला दिन्नँ जा ।'



> सडक पारिपट्टि यात्रु रमिता हेर्दै थिए, वारि सहचालक र म थियौं । त्यहीवेला बनिसकेको भनिएको गाडीमा ह्वारह्वारी आगो बल्न थाल्यो । वारिबाट त्यो दृश्य देखेकाहरू चिच्याउन थाले । त्यसपछि यात्रुको पनि भागभागकै अवस्था बन्यो । मलाई गाडी चढाइदिन लागेको सहचालक पनि दौडिँदै पारि गएर टायरको आगो निभाउन थाल्यो ।

उसको कुराले मेरो पारो तात्यो रनक्क । नतातोस् पनि किन ? एक त चार-चार घण्टासम्म कुराएर राखेको छ । आफ्नै सुरले जान्छु, भाडा फिर्ता ले भन्दा दिन्नँ भन्छ । लु भाडा चाहिएन, डिक्कीको ब्याग झिकिदे त नि भन्छु, त्यो पनि मान्दैन । अनि, प्रहरीलाई फोन गर्दा उल्टै धम्क्याउँछ ।

फटाफट १०० नम्बर डायल गरें र प्रहरीलाई घटनाको बेलीविस्तार लगाएँ । प्रहरी (महिला) ले एउटा मोबाइल नम्बर टिपाउँदै त्यो नम्बरमा फोन गर्न भनिन् । जसै फोन राखें, गाडी बनाइराखेकै ठाउँको ठिक पारिपट्टि प्रहरीको गाडी देखें । म हुत्तिँदै त्यतैतिर गएँ ।

सडकछेउमा रोकिएको अवस्थामा थियो, भ्यान । दुईजना प्रहरी जवान भ्यानकै छायामा अडेस लागिरहेका थिए । नजिकै पुगेर मैले उनलाई विनम्रतापूर्वक गाडीसँग जोडिएको आफ्नो समस्या सुनाएँ । तीमध्येका एक जवानले इन्स्पेक्टरसाबसँग कुरा गर्नू भन्दै अलि पर देखाए । फेरि त्यतै लागें म ।

इन्स्पेक्टर पी. सिंह फोन संवादमा व्यस्त थिए । मलाई अलि ह्याँफ्याँ गरेको देखेपछि 'केही काम थियो ?' भनेर सोधे, फोन नराखीकनै । यतिवेला आक्रोशले मेरो चेहरा पक्कै रातो भएको हुँदो हो । बोली अलि हडबडाएको हुनुपर्छ । मेरा कुरा सुनेपछि उनले फोन समातेकै हातले पारिपट्टि गाडी भएतिर इसारा गरे । उताबाट सहयोगी भाइले 'आइजा, ब्याग लैजा' भन्दै थियो, हातैहातले । अनि, बसका यात्रुले मलाई यसरी हेरिरहेका थिए, मानौं, म प्रहरीसमक्ष गएर बित्पात गल्ती गरें ।

जीवनभर जति यात्रा गरियो, सार्वजनिक यात्रामा गरिएको छ । तर, यसपालिका जस्ता निर्जीव, पाषाणी र फुर्सदिला यात्रु कहिल्यै देख्नुपरेन । पाँच मिनेट गाडी रोकिँदा पछाडिबाट सराप्न थाल्ने यात्रुको यो दीर्घ मौनता साँच्चै रहस्यमय थियो, जुन संयोग मात्रै पनि हुन सक्थ्यो ।

सडकपारिबाट गाडीको सहयोगी भाइले बोलाइरहेकै वेला फोन राखेर इन्स्पेक्टरले मेरो परिचय, पेसादि सोधखोज गरे । प्रश्नानुसार जवाफ दिएपछि उनले सोधे, 'उसो भए कानुनी रूपमा जानुहुन्छ कि के गर्नुहुन्छ त ?' मैले तत्काल कानुनी प्रक्रियामार्फत जाने बताएँ । त्यसपछि उसले मुग्लिन बजारको माथि डाँडोमा रहेको प्रहरी चौकीमा गएर निवेदन दर्ता गर्न अह्राए । साथै, उनले वाकीटकीमार्फत म त्यहाँ आउने जानकारी पनि गराइदिए ।

प्रहरी गुहारेपछि सहचालकले ब्याग लिन अघिदेखि नै बोलाइरहेकै थियो । सडकपारि गएर ब्याग लिएँ अनि निवेदन लेख्न चौकीतिर लागें । पहिले त चौकीमा गेटदेखि भित्रसम्मका प्रहरीलाई घटनाको बेलीविस्तार लगाउँदैमा समय गयो । बल्लतल्ल भित्र गएर निवेदन लेख्न के थाल्दै थिएँ, बसका चालक, सहचालकसहित एक हुल बसका यात्रु त्यही चौकी पुगे । भएछ के भने, मैले निवेदन दर्ता गर्ने भनेपछि प्रहरीले बसलाई जान दिएनछ । र, यतिखेरसम्म बिग्रेको बस पनि बनेछ ।

दुईजना मादक पदार्थ सेवन गरेका युवती असभ्य भाषामा कुर्लिरहेका थिए । उनीहरूलाई साथ दिने ती यात्रु थिए । म अचम्ममा पर्रें, एउटा पीडित यात्रु, जो सार्वजनिक यातायातको बेथितिविरुद्ध बोल्न खोज्दै छ, उसैविरुद्ध कसरी अरू यात्रु उभिए ? कसले केमा चलखेल गऱ्यो ?

अलिअलि गर्दागर्दै ती यात्रु चौकीभित्रै चर्कोसँग कराउन थाले, मैले निवेदन लेखिरहेको कक्षभित्रै गएर । अति भएपछि प्रहरीले उनीहरूलाई बाहिर बरन्डामा निकाल्यो । उनीहरूले त बस बनिसकेको तर मैले गर्दा आफूहरू काठमाडौं जान ढिलाइ भइरहेको पो भन्दै छन् बा ! हाय, अचम्म ! कस्तो कल्पनातीत कुरा !

म पनि केको कम, जिद्दी छाड्दै छाडिनँ । यसै ढिलो, उसै ढिलो निवेदन लेखेर र कानुनी प्रक्रियामा गएर मात्रै आफू फर्किने बताएँ । यहीबिचमा उनीहरूले सहचालकलाई प्रयोग गरेर ममाथि समस्याको बन्दुक तेर्स्याए । प्रहरीलाई उनीहरूले भनेअनुसार मैले सहचालकलाई दुर्व्यवहार गरें रे ! अर्को अचम्म !

म फेरि पनि अविचलित नै रहें । हातका औंला कपाउँदै निवेदन लेखिरहें । उता उनीहरू पनि मविरुद्ध निवेदन दर्ता गराउने भन्दै उफ्रिन थाले । मैले 'गराऊ' भनें । देख्छु त बा, सहचालकले आफूलाई धकेलेको भन्दै कारबाही गर्न निवेदन लेख्न थाल्यो । फेरि भएन त अर्को अचम्म ?

यसबिचमा गाडीको चालकले 'सर, मिलौं, अनावश्यक दुःख दुवैले नभोगौं, गाडी बनिसक्यो' भन्दै थियो । यात्रुमध्ये एकजना वृद्ध मानिस मात्रै थिए, जो नरम भाषामा भनिरहेका थिए, 'बाबु, सबैजनाको तर्फबाट म माफी माग्छु । यो लडफामा नपर्रौं, निवेदन फिर्ता लिनुस्, गाडी बनिसक्यो ।'

धेरैबेर रस्साकस्सी र आआफ्नै अडान चलिरह्यो । अन्ततः गाडीका ड्राइभरले एक छेउमा लगेर मसँग माफी माग्दै दुवैले निवेदन फिर्ता लिएर मिलौं भने । झ्वाँगिएको यो समस्या डिक्कीबाट एकैवचनमा ब्याग झिकिदिएको भए उतिखेर टुसाउनै पाउँदैनथ्यो । तर, यात्रुलाई पनि गाडीकै 'स्टेयरिङ' ठान्ने ड्राइभर/खलासी प्रवृत्तिले चौकीसम्म धाउनुपरेको कुरा साँचो हो ।

ड्राइभरले सबैलाई चौकीबाहिर निस्कन भन्यो । उसकै आदेशानुसार सहचालकले पनि माफी माग्यो । र, हामीले आआफ्ना निवेदन फिर्ता लियौं ।

घटना यहीं टुंगिँदैन । तर, अन्तिमतिर भने आइपुग्यो ।

'तपाईं मेरै गाडीमा जानुहुन्छ भने पनि जाऔं । नत्र, अर्को गाडीमा चढ्नुहुन्छ भने पनि चढाइदिन्छु, भाडा फिर्ता चाहिए पनि दिन्छु,' ड्राइभरले भन्यो । उसले चौकीमा प्रतिवादी भएर गएका यात्रुलाई पठाइसकेको थियो । ऊ र म चौकीबाट ठाडै ओरालो मुग्लिन बजार झर्न्यौं ।

यसो सोचें, यही गाडीका कारण यति लफडा भइसक्यो, अब फेरि यसमै किन जानु ? त्यसपछि मैले अफिस पुग्न ढिला भइसकेको बताउँदै माइक्रोमा चढाइदिन आग्रह गरें । उनले पनि माने र वरिष्ठ सहचालकलाई अह्राए । सडक पारिपट्टि यात्रु रमिता हेर्दै थिए, वारि सहचालक र म थियौं । त्यहीवेला बनिसकेको भनिएको गाडीमा ह्वारह्वारी आगो बल्न थाल्यो । वारिबाट त्यो दृश्य देखेकाहरू चिच्याउन थाले । त्यसपछि यात्रुको पनि भागभागकै अवस्था बन्यो । मलाई गाडी चढाइदिन लागेको सहचालक पनि दौडिँदै पारि गएर टायरको आगो निभाउन थाल्यो ।

मनले भन्यो- सहनुपर्छ समयले देखाउँदो रहेछ । अघि मविरुद्ध गाडी बन्यो, मैरै कारणले ढिला भयो भनेर कुर्लिएका यात्रुका आँखैअघि गाडीको टायर बल्दै थियो ।

त्यसपछि, फेरि सहचालक वारि आएर माइक्रो रोकिदियो, भाडा तिरिदियो । त्यही माइक्रोमा संयोगले मविरुद्धको समूहको नेतृत्व गरेकी महिलासहित अन्य पाँचजना पनि परे । अब भएन त फसाद !


मैले उनलाई धेरै केही भनिनँ । किनकि, उनी मसँग बोल्न त के, आँखा जुधाउन सक्ने स्थितिमा पनि थिइनन्, लज्जाले । यत्ति भनें, 'दिदीले अघि मविरुद्ध राम्रै नेतृत्व गर्नुभएको हेर्दा पक्कै चुनावमा उठ्नेजस्तो देखें । आगामी चुनावमा तपाईं वडाध्यक्ष बन्नुहोला, शुभकामना !'

अपर्याप्त निद्रा र मस्तिष्क बुढ्यौलीको सम्बन्ध

स्वास्थ्य



● अबिगेल डोभ



हामी जीवनको लगभग एकतिहाइ भाग निद्रामा बिताउँछौं, यद्यपि कोहीकोहीले निद्रालाई समयको बर्बादी पनि मान्छन् । निद्रालाई निष्क्रिय रूपमा हेरिनुहुँदैन । यो एक सक्रिय र आवश्यक प्रक्रिया हो, जसले शरीरलाई फुर्तिलो र मस्तिष्कलाई ताजकी राख्छ । जब निद्रा बिथोलिन्छ, मस्तिष्कमा सूक्ष्म असर देखिन्छ । एउटा नयाँ अध्ययनमा मेरा सहकर्मी र मैले ४० देखि ७० वर्ष उमेरका २७ हजारभन्दा बढी बेलायती वयस्कमा निद्रा व्यवहार र विस्तृत मस्तिष्क एमआरआई स्क्यान डेटाको जाँच गऱ्यौं । कम निद्रा भएका मानिसको दिमाग उनीहरूको वास्तविक उमेरको आधारमा अपेक्षा गरिएभन्दा उल्लेखनीय रूपमा बुढो देखिएको हामीले पायौं ।

मस्तिष्क 'बुढो देखिनु' को अर्थ के हो ? हामी सबै एउटै गतिमा निरन्तर बुढो हुँदै जान्छौं, तर केही मानिसको जैविक घडी भने अन्यको तुलनामा छिटो वा ढिलो हुन सक्छ । मस्तिष्क इमेजिङ र कृत्रिम बुद्धिमत्ताका नयाँ प्रगतिले अनुसन्धानकर्तालाई मस्तिष्कको तन्तुको क्षति, कोर्टेक्स पातलो हुने अवस्था र रक्तनलीमा क्षतिजस्ता विषयमा सहजै बुझ्न सहयोग गर्छ । त्यस्तै, एमआरआई स्क्यानको ढाँचाका आधारमा व्यक्तिको मस्तिष्कको उमेर अनुमान गर्न सकिन्छ । हाम्रो अध्ययनमा एमआरआई स्क्यानबाट एक हजारभन्दा बढी फरक इमेजिङ मार्कर प्रयोग गरेर मस्तिष्कको उमेर अनुमान गरिएको थियो । हामीले पहिले स्वस्थ सहभागीको स्क्यानमा मेसिन लर्निङ मोडेललाई तालिम दियौं । उनीहरू कुनै प्रमुख रोग नभएका व्यक्ति थिए, जसको मस्तिष्क उनीहरूको वास्तविक उमेरसँग मिल्नुपर्छ । एकपटक मोडेलले सामान्य बुढ्यौली कस्तो देखिन्छ भनेर सिकेपछि हामीले यसलाई अध्ययनका लागि तय गरिएको सबै जनसंख्यामा लागू गऱ्यौं ।

तपाईंको वास्तविक उमेरभन्दा बुढो मस्तिष्क स्वस्थ बुढ्यौलीको अन्त्यको संकेत हुन सक्छ । अघिल्लो अनुसन्धानले वृद्ध देखिने मस्तिष्कलाई छिटो संज्ञानात्मक गिरावट, डिमेन्सियाको बढी जोखिम र प्रारम्भिक मृत्युको उच्च जोखिमसँग जोडेको छ । निद्रा जटिल छ र कुनै पनि एकल मापनले व्यक्तिको स्वस्थ निद्राको सम्पूर्ण विवरण भन्न सक्दैन । तसर्थ, हाम्रो अध्ययन सहभागी आफैंले रिपोर्ट गरेका निद्राका पाँच पक्षमा केन्द्रित छ- तिनीहरू सुत्ने समय (बिहान वा साँझ), सामान्यतया कति घण्टा सुत्छन् (सातदेखि आठ घण्टा उपर्युक्त मानिन्छ), अनिद्रा अनुभव गर्छन् कि गर्दैनन् ?, घुर्छन् कि घुर्दैनन् र तिनीहरूले दिनमा अत्यधिक निद्रा महसुस गर्छन् कि गर्दैनन् ?

यी विशेषतालाई आधार मानेर सामूहिक अन्तर्क्रिया गरिएको थियो । 'स्वस्थ निद्रा स्कोर'मा सबै पाँच विशेषतालाई एकीकृत गरेर हामीले समग्र निद्रासम्बन्धी स्वास्थ्यको पूर्ण तस्बिर खिच्यौं । चार वा पाँच स्वस्थ विशेषता भएका व्यक्तिमा 'स्वस्थ' निद्रा लाग्ने गरेको भेट्यौं भने दुईदेखि तीन विशेषता भएकामा मध्यम निद्रा देखियो । त्यस्तै, शून्य वा एक विशेषता भएकामा निद्राको खराब अवस्था देखियो ।

जब हामीले विभिन्न निद्राको विवरणलाई मस्तिष्कको उमेरसँग तुलना गऱ्यौं, भिन्नता प्रस्ट थिए । औसतमा, कमजोर निद्रा भएका मानिसको दिमाग उनीहरूको वास्तविक उमेरको आधारमा अपेक्षा गरिएभन्दा लगभग एक वर्ष पुरानो देखिन्थ्यो, जबकि स्वस्थ निद्रा भएकाहरूमा त्यस्तो कुनै अन्तर देखिएन । हामीले पाँच निद्रा विशेषतालाई व्यक्तिगत रूपमा पनि विचार गऱ्यौं- ढिलो सुत्ने र असामान्य निद्रा अवधि मस्तिष्क बुढो हुनुको प्रमुख कारक पायौं । एक वर्ष धेरैजस्तो नलाग्न सक्छ, तर मस्तिष्क स्वास्थ्यको सन्दर्भमा यो महत्त्वपूर्ण छ । मस्तिष्कको उमेरका सवालमा सानो गति पनि समयसँगै बढ्न सक्छ र यसले सम्भावित रूपमा संज्ञानात्मक कमजोरी, डिमेन्सिया र अन्य स्नायु रोगहरूको जोखिम बढाउँछ ।

अध्ययनको सुखद खबर यो हो कि निदाउने बानी परिमार्जन गर्न सकिन्छ । सबै निद्रा समस्या सजिलै समाधान हुँदैनन् । तर, सरल उपाय जस्तै- नियमित निद्रा तालिका बनाउने, सुत्नुअघि कफीजन्य पदार्थ, मदिरा र मोबाइल वा कम्प्युटरको प्रयोग नै नगर्ने वा गर्नैपरे सीमित प्रयोग गर्ने, अँध्यारो र शान्त निद्रा वातावरण सिर्जना गर्नाले निद्रा स्वास्थ्यमा सुधार ल्याउन सकिन्छ र मस्तिष्कको स्वास्थ्यलाई जोगाइराख्न सकिन्छ ।

व्यक्तिको निद्राको गुणस्तरले उनीहरूको मस्तिष्क स्वास्थ्यलाई कसरी असर गर्छ ? यसको एउटा उदाहरण जलन पनि हुन सक्छ । बढ्दो प्रमाणले यो सुझाव दिन्छ कि निद्रा गडबडीले शरीरमा जलनको स्तर बढाउँछ । फलस्वरूप जलनले मस्तिष्कलाई धेरै तरिकाले हानि पुऱ्याउन सक्छ, रक्तनलीलाई क्षति पुऱ्याउने, विषाक्त प्रोटिनको निर्माणलाई प्रोत्सान गर्ने र मस्तिष्क कोषको तीव्र हानि हुने गर्छ ।

अध्ययनको सुरुमा सहभागीहरूबाट संकलन गरिएको रगतको नमुनाको कारणले गर्दा हामीले जलनको भूमिकाको अनुसन्धान गर्न सक्षम भयौं । यी नमुनामा शरीरमा प्रवाह हुने जलनको जैविक संकेतबारे प्रशस्त जानकारी हुन्छ । निद्रा र मस्तिष्कको बुढ्यौलीबिचको सम्बन्धमा लगभग १० प्रतिशत जलनको स्तरले ओगटेको हामीले पत्ता लगायौं ।

अर्को व्याख्या ग्लिम्फाटिक प्रणालीमा पनि केन्द्रित छ । यो प्रणाली मस्तिष्कमा निर्मित फोहोर सफा गर्ने नेटवर्क हो, जुन मुख्यतया निद्राको समयमा सक्रिय हुन्छ । जब निद्रा बिथोलिन्छ वा अपर्याप्त हुन्छ, यो प्रणालीले राम्रोसँग काम नगर्न सक्छ, जसले गर्दा मस्तिष्कमा हानिकारक पदार्थ जम्मा हुन सक्छन् । कम निद्राले टाइप २ मधुमेह, मोटोपना र हृदय रोगसहित मस्तिष्क स्वास्थ्यका लागि हानिकारक अन्य स्वास्थ्य अवस्थाको जोखिम बढाउने सम्भावना पनि उत्तिकै छ ।

हाम्रो अध्ययन आफ्नो किसिमको सबैभन्दा ठुलो र बृहत्मध्ये एक हो, जसले धेरै ठुलो अध्ययन जनसंख्या, निद्रा स्वास्थ्यको बहुआयामिक मापन र हजारौं मस्तिष्क एमआरआई सुविधामार्फत मस्तिष्कको उमेरको विस्तृत अनुमानबाट लाभ उठाउँछ । अघिल्लो अनुसन्धानले कम निद्रालाई संज्ञानात्मक गिरावट र डिमेन्सियासँग जोडेको थियो भने हाम्रो अध्ययनले कम निद्राले मस्तिष्कको बुढ्यौलीमा वृद्धि हुने थप कुरालाई उजागर गरेको छ र जलनले यो सम्बन्धलाई पुष्टि गर्न सक्छ । मस्तिष्कको बुढ्यौलीलाई बेवास्ता गर्न सकिँदैन, तर हाम्रो व्यवहार र जीवनशैली छनोटले यो कसरी प्रकट हुन्छ भनेर आकार दिन सक्छ । हाम्रो अनुसन्धानको प्रभाव स्पष्ट छ- लामो समयसम्म मस्तिष्कलाई स्वस्थ राख्न निद्रालाई प्राथमिकता दिनु महत्त्वपूर्ण छ ।

*(डोभ कारोलिन्स्का इन्स्टिच्युटको न्युरोएपिडेमियोलोजीमा पोस्टडक्टरल अनुसन्धानकर्ता हुन् । द कन्भर्सेसनका लागि डोभको आलेख **सुभाष शर्माले** भावानुवाद गरेका हुन् ।)*

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २७ मंसिर ०८२

भारतीय अनुदानका पेट्रोलियम परियोजना छिटो अघि बढाउने सहमति

एक वर्षअघि नै निर्माण सकिएको मोतीहारी–अमलेखगन्ज पेट्रोलियम पाइपलाइन हस्तान्तरण गर्न भारतीय पक्ष सकारात्मक

बैठकमा नेपालको तर्फबाट नेतृत्व गरेका उद्योग मन्त्रालयका सहसचिव शिवराम पोखरेल भन्छन्–



सहसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय





भारतीय सहसचिव **ईशा श्रीवास्तव**

बैठकपश्चात् भारतको पेट्रोलियम मन्त्रालयले भनेको छ–

दुवै पक्षले जिटुजी समझदारीपत्रअन्तर्गत नयाँ पेट्रोलियम पूर्वाधार परियोजना र सम्पूर्ण ऊर्जा मूल्य शृंखलामा भइरहेको समन्वयलाई अझ बढाउने उपायबारे विस्तृतमा छलफल गरेका छन् ।

अजित अधिकारी/नयाँ पत्रिका

भारतीय लगानीमा निर्माण हुने सिलिगुडी-झापा पाइपलाइन, झापा पेट्रोलियम भण्डारण गृह र अमलेखगन्ज-चितवन (लोथर) पाइपलाइनको प्रक्रिया छिटो थाल्न दुवै देशका अधिकारी सम्मिलित संयुक्त कार्यदलको बैठकमा सहमति जुटेको छ ।

२२ मंसिरमा नयाँदिल्लीमा नेपाल-भारत संयुक्त पेट्रोलियम तथा ग्यास कार्यदलको पाँचौं बैठकमा परियोजना छिटो अघि बढाउने विषयमा सहमति जुटेको हो । उक्त बैठकको नेतृत्व नेपालका तर्फबाट उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव शिवराम पोखेल र भारतका तर्फबाट पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयका सहसचिव इशा श्रीवास्तवले गरेकी थिइन् । बैठकमा दुवै पक्षबाट प्रस्तावित एजेन्डाबारे विस्तृतमा छलफल गरेर सहमति भएको भारतीय प्राकृतिक ग्यास मन्त्रालयले जनाएको छ ।

'दुवै पक्षले जिटुजी समझदारीपत्रअन्तर्गत नयाँ पेट्रोलियम पूर्वाधार परियोजनासहितका काममा भएको पहलको प्रगतिबारे विस्तृत समीक्षा गरेका छन् र सम्पूर्ण ऊर्जा मूल्य शृंखलामा भइरहेको समन्वयलाई अझ बढाउने उपायबारे छलफल गरेका छन्,' भारतको प्राकृतिक मन्त्रालयले एक स्टेटमेन्टमार्फत भनेको छ ।

अढाई वर्षअघि दुवै देशका प्रधानमन्त्रीस्तरमा तीन ठूला पेट्रोलियम परियोजना भारतले निर्माण गरिदिने समझदारी भए पनि अहिलेसम्म निर्माणकार्य अघि बढेको छैन । त्यतिवेला भएको समझदारीमा ६ महिनाभित्र इन्डियन आयल कर्पोरेसन (आइओसी) र आयल निगमबिच बिटुबी सम्झौता हुने र तत्काल निर्माणकार्य अघि बढाउने पनि उल्लेख थियो । तर, एक वर्ष ढिला गरी १७ असोज ०८१ मा दुवै कम्पनीबिच बिटुबी सम्झौता भएको थियो । उक्त सम्झौता भएको पनि एक वर्ष बितिसकेको छ, तर निर्माणकार्य थालनी नभएपछि दिल्लीमा भएको दुवै देशको सहसचिवस्तरीय संयन्त्रमा छिटो निर्माण अघि बढाउने विषय एजेन्डा बनेको हो ।

उक्त बैठकको नेपालको तर्फबाट नेतृत्व गरेका उद्योग मन्त्रालयका सहसचिव पोखरेलले परियोजना निर्माणका लागि आयल निगमबाट छिटो जग्गा उपलब्ध गराउने प्रतिबद्धता जनाएको बताए । 'पाइपलाइन र भण्डारगृह निर्माणका लागि आवश्यक जग्गा निगमले तयार गरेर आगामी नौ महिनाभित्र दिइसक्ने भनेका छौं,' उनले भने ।

सर्लाहीमा ग्यास पाइपलाइन बनाइदिन नेपालको प्रस्ताव

सर्लाहीमा रहेको १५ बिघा जग्गामा ग्यास पाइपलाइन ल्याएर भण्डारगृहसमेत बनाइदिन नेपालले बैठकमा औपचारिक प्रस्ताव राखेको थियो । भारतीय अधिकारीहरूले उक्त प्रस्तावमा सकारात्मक रहेको प्रतिक्रिया दिएका छन् । आठ इन्च गोलाइको पाइपबाट ग्यास ढुवानी गर्ने र कुल मागको कम्तीमा २० प्रतिशत ग्यास नियमित रूपले भण्डारण गर्न सकिने अनुमान छ । 'सरकारसँग ग्यास ढुवानी र भण्डारणको कुनै बन्दोबस्ती छैन । त्यसैले भारतले नै लगानी गरेर पूर्वाधार बनाइदिए भविष्यमा कारोबार गर्न सहज हुन्थ्यो भनेर हामीले राखेका प्रस्तावमा उहाँहरू (भारतीय पक्ष)ले सकारात्मक रहेको बताउनुभएको छ,' पोखरेलले भने । सर्लाहीमा ग्यास पाइपलाइन र भण्डारण बनाउन यसअघि नै आइओसी टोलीले सर्भेसमेत गरिसकेको छ ।

१४ अर्बको पुरानो ठेक्का तोडेर सुनकोशी–मरिनमा नयाँ टेन्डर हुँदै

आधा समय घर्किसक्दा पनि १० प्रतिशत मात्रै निर्माणकार्य सम्पन्न गरेको पुरानो ठेकेदार भने अदालतमा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

पटेल-रमण जेभीसँगको ठेक्का तोडिएपछि सिँचाइ विभागले सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनामा बाँध, विद्युत् गृहलगायतका सिभिल संरचना निर्माण गर्न नयाँ ठेक्का आह्वान गर्ने तयारी गरेको छ । राष्ट्रिय गौरवको उक्त आयोजनाको बाँध, विद्युत्गृहलगायतका सिभिल संरचना र गेटलगायतका हाइड्रोमेकानिकल उपकरण आपूर्ति तथा जडान गर्न पटेल-रमण जेभीसँग १४ अर्ब आठ करोड (करसहित)मा १७ पुस ०७९ मा ठेक्का सम्झौता भएको थियो । ठेक्काको म्याद ५५ महिना अर्थात् १८ असार ०८४ सम्म थियो । तर, सम्झौता गरेको ६१ प्रतिशत समय सकिँदा १० प्रतिशत मात्रै काम भएपछि २५ कात्तिकमा ठेक्का सम्झौता तोडिएको छ । सरकारले पछिल्लोपटक धमाधम रुण ठेक्का तोडिरहेको छ । त्यसमा यो सबैभन्दा ठुलो रकमको ठेक्का हो ।

हाल परियोजनामा पटेल-रमणले गरेको काम र बाँकी कामको विस्तृत मूल्यांकन गर्ने काम भइरहेको छ । त्यो ठुंग्याएर नयाँ टेन्डर आह्वान गर्ने विभागको तयारी गरिएको जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक मित्र बरालले बताए । अबको दुई महिनामा नयाँ टेन्डर आह्वान गर्न सकिने उनको भनाइ छ । 'अहिले पुरानो निर्माण कम्पनीबाट के-कति काम भयो र के-के काम गर्न बाँकी छ भनेर मूल्यांकन गर्ने काम भइरहेको छ । त्यसको स्पष्ट खाका आएपछि नयाँ टेन्डर आह्वान हुन्छ,' उनले भने, 'अबको डेढ-दुई महिनामा नयाँ टेन्डर आह्वान हुन्छ ।'

यता निर्माण कम्पनीले भने ठेक्का तोड्ने निर्णयविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर गरिसकेको छ । त्यसमा सर्वोच्चले धरौटी जफतको प्रक्रिया भने यथास्थितिमा राख्नु भनेर अल्पकालीन आदेश दिए पनि अन्य आदेश जारी गरेको छैन । त्योअनुसार विभागलाई हालसम्मको अवस्थामा नयाँ टेन्डर आह्वान गर्न बाटो खुला नै छ । यद्यपि, कम्पनीले दर्ता गरेको मुद्दा विचाराधीन अवस्थामा छ । आगामी साता दुवै पक्षबिच अदालतमा छलफल हुँदै छ । त्यसपछि अदालतले कस्तो आदेश गर्छ, त्यसमा पनि यो निर्भर रहने बताइएको छ ।

विभागले ठेक्का सम्झौता रद्दसँगै पटेल-रमण जेभीले कार्यसम्पादन जमानतबापत राखेको दुई अर्ब ४० करोड र अग्रिम भुक्तानीको एक अर्ब २० करोड गरी कुल तीन अर्ब ६० करोड रुपैयाँ बैंक ग्यारेन्टी जफत गर्ने प्रक्रियासमेत अगाडि बढाएको थियो । त्यसमा अदालतले थप कुनै कारबाही अघि नबढाउनु भनेर अल्पकालीन आदेश जारी गरेको छ ।

अब बाँकी काम गर्न नयाँ लागत अनुमान पनि गर्नुपर्नेछ । यस यसअघि यो प्याकेजको निर्माणमा १८ अर्ब लागत अनुमान थियो । त्यसमा पटेल-रमण जेभीले लो बिड गरेर १४ अर्ब आठ करोडमा ठेक्का सम्झौता गरेको थियो ।

सिन्धुली र रामेछापको सिमानामा रहेको सुनकोशी नदीको पानीलाई बाँध बनाएर सुरुङमार्फत मरिन नदीमा खसाली बागमती सिँचाइ आयोजनामा पुऱ्याइनेछ । यसबाट तराईका धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाका करिब एक लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सुविधा पुग्नेछ ।

दुई महिनाभित्रै नयाँ टेन्डर खोल्दै छौं

● **मित्र बराल**, महानिर्देशक, जलस्रोत तथा सिँचाइ विभाग



हाल परियोजनामा पटेल-रमणले गरेको काम र बाँकी कामको विस्तृत मूल्यांकन गर्ने काम भइरहेको छ । त्यो ठुंग्याएर नयाँ टेन्डर आह्वान गर्ने विभागको तयारी छ । अबको दुई महिनामा नयाँ टेन्डर आह्वान गर्ने गरी गृहकार्य अगाडि बढाइरहेका छौं । अहिले पुरानो निर्माण कम्पनीबाट के-कति काम भयो र के-के काम गर्न बाँकी छ भनेर मूल्यांकन गर्ने काम भइरहेको छ । त्यसको स्पष्ट खाका आएपछि डेढ-दुई महिनाभित्र नयाँ टेन्डर आह्वान हुन्छ ।



■ आयोजनाको समग्र प्रगति ३७.१५ प्रतिशत

असोज मसान्तसम्म आउँदा आयोजनाको समष्टिगत भौतिक प्रगति भने ३७.१५ प्रतिशत पुगेको छ । वित्तीय प्रगति भने ३३.६६ प्रतिशत रहेको आयोजना कार्यालयको भनाइ छ । परियोजनाको लागत ४९ अर्ब ४१ करोड ३१ लाख रुपैयाँ रहेको छ । हालसम्म १६ अर्ब ६३ करोड ४७ लाख रुपैयाँ खर्च भएको कार्यालयको भनाइ छ ।



सातामा प्रतितोला ४४ सय बढ्यो सुन

काठमाडौं/ यो साता नेपाली बजारमा सुनको भाउ प्रतितोला ४४ सय रुपैयाँले बढेको छ । आइतबार दुई लाख ५२ हजार दुई सय रुपैयाँमा कारोबार भएको सुन शुक्रबार दुई लाख ५६ हजार ६ सय रुपैयाँ पुगेको हो । सुनचाँदी व्यवसायी महासंघका अनुसार सोमबार दुई लाख ५२ हजार नौ सय, मंगलबार दुई लाख ५१ हजार नौ सय र बुधबार दुई लाख ५२ हजार एक सय थियो ।

■ सिन्धुलीमा जुनार लटरम्मै, प्रवर्द्धनका लागि महोत्सव



सिन्धुलीमा **विदुर पौडेल**

जुनारको राजधानी सिन्धुलीको गोलन्जोर गाउँपालिका- ४, माझकुभिन्डेमा सम्पन्न तीनदिने जुनार महोत्सवमा ६५ हजारको कारोबार भएको छ भने १५ हजारले अवलोकन गरेका छन् । जुनारमा देखिएको समस्या र जुनार फलमा हुने संक्रमण तथा यसको रोकथाम र बजारको विषयमा विज्ञहरूसँग छलफल र अन्तर्क्रिया कार्यक्रमसमेत भएको थियो । महोत्सवमार्फत जुनारको रोग-किरा नियन्त्रणमा ठुलो सहयोग मिलेको किसानको प्रतिक्रिया छ ।

उदयपुरमा बर्सेनि धान उत्पादन घट्दै

खेतीयोग्य २२ हजार दुई सय १० हेक्टरमध्ये १३ हजार एक सय १२ हेक्टर धानखेतीका लागि उपयुक्त

उदयपुरमा **विदुर कटुवाल**

मौसममा आउने परिवर्तनसँगै सिँचाइको अभावमा उदयपुरमा बर्खे धान उत्पादन घट्दै गएको छ । बर्सेनि धानखेती हुने जग्गाको क्षेत्रफल यथावत् रहे पनि उत्पादन घट्दै गएको कृषि ज्ञानकेन्द्र उदयपुरको तथ्यांकमा उल्लेख छ ।



ज्ञानकेन्द्रका अनुसार कुल खेतीयोग्य जमिनमा २२ हजार दुई सय १० हेक्टरमध्ये १३ हजार एक सय १२ हेक्टरमा बर्खे धानखेती हुन्छ । मौसममा आउने परिवर्तन र सिँचाइ सुविधाको अभावमा क्षेत्रफल यथावत् रहेपछि धान उत्पादन घट्दै गएको कृषि ज्ञानकेन्द्र उदयपुरका प्रमुख वरिष्ठ कृषि अर्थविज्ञ योगेन्द्रप्रसाद यादवले जानकारी दिए । उनले भने, 'धान रोपाइँ हुने समयमा पानी पर्दैन । सिँचाइको अभाव छ । त्यसकारण पछिल्लो समय धान उत्पादन घटेको देखिन्छ ।' उनका अनुसार चालू आर्थिक वर्ष ०८२/८३ मा जिल्लामा १२ हजार नौ सय १२ हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो । त्यसमा हाल ३१ हजार तीन सय १८ मेट्रिकटन उत्पादन भएको छ । उनले भने, 'गत आव ०८१/८२ को तुलनामा चालू आर्थिक वर्ष चार सय आठ हेक्टर क्षेत्रफलमा धानखेती हुन सकेन । जसको कारण १८ हजार दुई सय ७५ मेट्रिकटन धान उत्पादनमा कमी भएको हो ।' यता धान थन्क्याउने समयमा बेमौसमी झरीले पनि धान उत्पादनमा क्षति पुऱ्याएको छ ।

उनका अनुसार आव ०८१/८२ मा १३ हजार तीन सय २६ हेक्टरमा ४९ हजार पाँच सय ७५ मेट्रिकटन धान उत्पादन भएको थियो । यसैगरी, आव ०८०/८१ मा १२ हजार सात सय ९३ दशमलव ९५ हेक्टरबाट ५१ हजार एक सय ७५ दशमलव ८ मेट्रिकटन धान उत्पादन भएको थियो । जसमा आव ०८०/८१ को तुलनामा आव ०८१/८२ मा धानखेती भएको क्षेत्रफल बढे पनि उत्पादनमा एक हजार ६ सय मेट्रिकटन घटेको छ ।

उदयपुरमा २२ असारभित्र रोपाइँ सक्नुपर्ने खेतमा समयमै रोपाइँ हुन नसक्नु र धान थन्क्याउने समय कात्तिकमा परेको बेमौसमी झरीले उत्पादनमा कमी आएको प्रमुख यादवको भनाइ छ ।

आँधिखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि, स्याङजा
गण्डकी प्रदेश, नेपाल

बढाबढ सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोस्रोपटक सूचना प्रकाशित मिति : २०८२।०८।२७ गते

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ (च) र यस आँधिखोला गाउँपालिका आर्थिक ऐन २०८२ को दफा १४ अनुसूची (१३) को व्यवस्थाबमोजिम तपशिलमा उल्लेखित नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी आँधिखोला गाउँपालिकाले आ.व. २०८२।८३ का लागी तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्न लिखित शर्तहरूको अधिनमा रही दरभाउपत्र फाराम खरिद गरी रीतपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र.सं.	ठे.नं.	ठेक्काको नाम	उत्खनन्/संकलन गर्ने अधिकतम परिणाम (घन.मि)	आ.व.२०८२।८३ को लागि न्यूनतम अंक रु.	दरभाउपत्र फारम दस्तुर
		ढुङ्गा, गिट्टी, वालुवा बिक्री			
१	८-२०८२/८३	रंगेठाँटी सेरा जोड्ने झो.पु. नाका माथि गावटे पुलको मुख घाट, वहियाघाट,च्याठे घाट तथा सरादी खोला घाट नाकासम्म	४७३८।००	११,७०,४२८।१४	१,०००।००

शर्तहरू:-

१. दरभाउपत्र पेश गर्ने फर्म वा संघ/संस्थाले फर्म दर्ता प्रमाणपत्र नवीकरण गरेको, स्थायी लेखा नं., मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपी, नागरिकताको प्रतिलिपिसहित निवेदन दिई तोकिएको दस्तुर नगदै तिरी पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।
२. दरभाउपत्र १६ (सोह्रौं) दिन मिति २०८२/०९/१३ गते मध्यान्ह १२ बजेभित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रूपमा खाम बाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य तत्पश्चात् लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ ।
३. दरभाउपत्र साथ आफूले कबोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको एनआइसी एशिया बैङ्क लिमिटेड कृषि शाखास्थित N4CA०५२५४००५२४०२ ग-३ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बैंक तथा वित्तीय संथाबाट जारी गरिएको ५ प्रतिशतले हुन आउने जमानत रकम बराबरको ग्यारेन्टी पेश गर्नु पर्नेछ ।
४. म्यादभित्र पेश हुन आएका दरभाउपत्र पेश गर्ने अन्तिम दिनको अपरान्ह १ बजेपछि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन । दरभाउपत्र/बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
५. दरभाउपत्रमा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।
६. दरभाउपत्र स्वीकृत भएमा स्वीकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्यादबाहेक ७ (सात) दिनभित्र आफूले कबोल गरेको अंकको ५० प्रतिशत रकम नगदै वा यस कार्यालयको एन आइ सी एशिया बैङ्क लिमिटेड कृषि शाखास्थित N४CA०५२५४००५२४०४ग-४.२ बाँडफाँड हुने राजश्व संकलन खातामा जम्मा गरेको सक्कलै बैंक भौचर र बाँकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०८३ बैशाख मसान्तसम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स बण्ड पेश गरी ठेक्का कबुलियत गर्न आउनु पर्नेछ । तर सम्झौताको समयमा कबोल गरेको सम्पूर्ण रकम एकमूष्ठ बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन । सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कबोल अंकको ५० प्रतिशत किस्ता रकम र कबोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नुपर्नेछ । बाँकी ५० प्रतिशत अन्तिम किस्ता बापतको रकम २०८३ साल बैशाख मसान्तसम्म चुक्ता गरिसक्नु पर्नेछ । धरौटी बापत जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाइने छैन । म्यादभित्र कबुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातासँग ठेक्का सम्झौता गरिनेछ ।
७. प्राप्त दरभाउपत्रहरू स्वीकृत गर्ने नगर्ने वा आंशिक रूपले स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८. ढुङ्गा, गिट्टी र बालुवाको परिमाण IEE मा तोकेभन्दा बढी उत्खनन् तथा संकलन गर्न पाइने छैन । उत्खनन् तथा संकलन गर्ने दरभाउपत्रदाताले उत्खनन् तथा संकलन गरिएको नदीजन्य पदाथको बिक्री गर्ने प्रयोजनको लागि घाटगद्दी गर्नुपर्ने छ । उत्खनन् तथा संकलन गर्ने अवधी सम्झौता भई कार्यादेश प्राप्त मितिदेखि २०८३ जेष्ठ मसान्तसम्म रहनेछ साथै तत् सम्बन्धी कार्य गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा संघीय सरकारको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन मापदण्ड २०७७ बमोजिम गर्नुपर्नेछ ।
९. नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य गर्दा निजी जग्गाको विषयमा बिबाद भएमा उत्खनन् कार्यको लागि सम्झौता गर्ने दरभाउपत्रदाताले नै सहजीकरण गर्नुपर्नेछ ।
१०. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक स्थलबाट दुवैतर्फ २०० मिटर भित्र नदीजन्य पदार्थको उत्खनन् गर्न पाइने छैन ।
११. घनाबस्ती एवं वन क्षेत्रको २ कि. मि, सडक पुल तथा झोलुङ्गे पुलको १ कि. मि तल (downstrim) र ५०० मिटर माथि (Upstrim) सम्म उत्खनन् गर्न पाइने छैन ।
१२. नहरको सम्पूर्ण संरचनादेखि २० मिटर, कुलोको सम्पूर्ण संरचनादेखि १० मिटर तथा बाँधको सम्पूर्ण संरचनादेखि १० मिटरसम्मको दुरीमा उत्खनन् गर्न पाइने छैन साथै कुनै पनि किसिमको कर छुटको व्यवस्था हुने छैन ।
१३. यसमा उल्लेख भएका कुराहरूमा यसै बमोजिम र उल्लेख नभएका कुराहरूको हकमा प्रचलित ऐन नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ । साथै नेपाल सरकार र यस गाउँपालिकाबाट समय समयमा गरिएका निर्देशनहरूको दरभाउपत्रले पालना गर्नु पर्नेछ ।
१४. यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत



च्याम्पियन बन्न सुदूरपश्चिम र लुम्बिनी भिड्दै

सुदूरपश्चिम रोयल्स साबिक उपविजेता हो भने लुम्बिनी लायन्स पहिलोपटक फाइनल खेल्दै

फाइनल आज

सुदूरपश्चिम रोयल्स विरुद्ध लुम्बिनी लायन्स

समय: ३:३० बजे दिउँसो



सुदूरपश्चिमको फाइनल यात्रा

- क्वालिफायर १ मा विराटनगरमाथि ७७ रनको जित

लिग चरण

- विराटनगर किंग्ससँग ६ विकेटले पराजित
- चितवन राइनोजविरुद्ध ४९ रनले विजयी
- जनकपुर बोल्ट्सविरुद्ध ६ विकेटले विजयी
- लुम्बिनी लायन्सविरुद्ध सात विकेटले विजयी
- कर्णाली याक्सविरुद्ध ४५ रनले विजयी
- पोखरा एभेन्जर्सविरुद्ध १८ रनले विजयी
- काठमाडौं गोर्खाजविरुद्ध २९ रनले विजयी

लुम्बिनी लायन्सको फाइनल यात्रा

- क्वालिफायर २ मा विराटनगरमाथि ४० रनले विजयी
- इलिमिनेटर चरणमा काठमाडौं गोर्खाजमाथि ४ विकेटको जित

लिग चरणमा

- जनकपुर बोल्ट्सविरुद्ध चार विकेटले विजयी
- विराटनगर किंग्सविरुद्ध पाँच विकेटले विजयी
- पोखरा एभेन्जर्सविरुद्ध तीन विकेटले विजयी
- सुदूरपश्चिम रोयल्ससँग सात विकेटले पराजित
- काठमाडौं गोर्खाजसँग २२ रनले पराजित
- कर्णाली याक्ससँग ९ विकेटले पराजित
- चितवन राइनोजविरुद्ध ६ विकेटले विजयी



गत वर्षको नतिजा	यस वर्षको नतिजा
सुदूरपश्चिम रोयल्स १८७-४	लुम्बिनी लायन्स १४३/१०
लुम्बिनी लायन्स १४२/९	सुदूरपश्चिम रोयल्स १४५/३
सुदूरपश्चिम ४५ रनले विजयी	सुदूरपश्चिम सात विकेटले विजयी

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को शनिबार सुदूरपश्चिम रोयल्स र लुम्बिनी लायन्सले उपाधिका लागि प्रतिस्पर्धा गर्दै छन् । त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा हुने फाइनल खेलले नयाँ विजेता पाउने पक्का छ । एनपिएलको साबिक विजेता जनकपुर बोल्ट्स यस सिजन पुछारमा रह्यो । जनकपुरको बहिर्गमनसँगै दोस्रो एनपिएलमा कुनै एक टोलीले ट्रफी चुम्ने पक्कापक्की भइसकेको थियो । केवल उपाधि भिडन्तमा को-को टोली पुग्ने भन्ने मात्र प्रतीक्षारत थियो ।

एनपिएलको लगभग क्लाइमेन्टतर्फ मोडिएको अवस्थामा सुदूरपश्चिम र लुम्बिनी उपाधिका साथ यात्रा टुंग्याउने योजनामा छन् । अझ सुदूरपश्चिम ब्याक टु ब्याक र लुम्बिनी भने पहिलोपटक फाइनलमा पुगेको फ्रेन्चाइज टोली हो । लुम्बिनीले पहिलोपटक उपाधि भिडन्त एकदम नजिक पुग्दा लगातार पाँच खेलमा जित निकाल्यो । सुदूरपश्चिमको भने एक किसिमले आरामदायी यात्रा भयो । लिग चरणमा लगातार ६ खेल जितेको सुदूरपश्चिम अन्तिम खेलमा मात्र विराटनगर किंग्ससँग ६ विकेटले परास्त भयो ।

क्वालिफायरमा पुनः विराटनगरमाथि सानदार ७० रनको जित निकाली आफूलाई एनपिएलकै प्रमुख दाबेदारी टोली बनायो । सुदूरपश्चिमले गत सिजन पनि उत्कृष्ट प्रदर्शन गरेको थियो । फाइनलमा जनकपुर बोल्ट्ससँग पाँच विकेटले पराजित हुँदा उसले दोस्रो स्थान हात पाऱ्यो । अब सुदूरपश्चिमको लक्ष्य दोस्रो प्रयासमा उपाधि जित्ने हो ।

अर्कोतर्फ लुम्बिनीले यस सिजन उतारचढावको नतिजा सामना गरी फाइनलसम्मको यात्रा तय गरेको हो । लगातार तीन खेलमा पराजित भएको लुम्बिनीले त्यसपछिका पाँच खेलमा सानदार जित निकाली फाइनल स्थान सुरक्षित गरेको हो । पछिल्ला खेलहरूमा लुम्बिनीले बलिङमा उत्कृष्ट प्रदर्शन गर्दै जितको लय कायम राखेको छ । यही लयलाई फाइनलसम्म निरन्तरता दिँदै च्याम्पियन बन्ने लक्ष्यमा छ ।

ब्याटिङ र बलिङमा एकनास प्रदर्शन

उपाधि भिडन्तमा उभिएको सुदूरपश्चिमले चालू एनपिएलमा ब्याटिङ र बलिङमा एकनास प्रदर्शन गरेको छ । कुनै खेलमा ब्याटिङ नचलेको अवस्थामा बलिङका भरमा खेल जितेको उदाहरण छ । लुम्बिनीले पहिले ब्याटिङ गर्दा कुनै पनि खेल जितेको थिएन । पछिल्लो समयमा लुम्बिनीको बलियो पक्ष नै बलिङ देखिएको छ । शेर मल्लको जादुमयी प्रदर्शन र रुबेन ट्म्पलम्यानको बायाँहाते पेस बलिङले विपक्षी ब्याट्सम्यानलाई कमजोर बनाएका छन् ।

उनीहरूको प्रमुख काम नै अहिले विपक्षीको टप अर्डर ध्वस्त बनाउनु हो । त्यसमा पछिल्लो खेलमा लेगस्पिनर तिलकराज भण्डारी र अभिशेष गौतम पनि उत्कृष्ट फर्ममा देखिए । विराटनगरसँगको दोस्रो क्वालिफायरमा म्यान अफ दी म्याच बनेका तिलकराजको बलिङ दोस्रो इनिङ्समा प्रभावशाली देखिएको छ । सुदूरपश्चिमले लिग चरणमा सातमध्ये पाँच खेलमा पहिलो ब्याटिङ गर्दै लक्ष्य रक्षा गरेको थियो । उसको जितमा फराकिलो रह्यो ।

बलिङमा दीपेन्द्रसिंह ऐरी, हर्मित सिंह तथा अभिनाश बोहराले कमान्ड सम्हालिरहेका छन् । अभिनाश सर्वाधिक विकेट लिनेको दोस्रो सूचीमा छन् । विकेटकिपर ब्याट्समान विनोद भण्डारी धेरै रन बनाउने सूचीको दोस्रो स्थानमा छन् ।

रोहितविरुद्ध दीपेन्द्र

१ मंसिरदेखि सुरु भएको दोस्रो संस्करणको एनपिएलमा आठ फ्रेन्चाइज टोलीले सहभागिता जनाएका छन् । २७ मंसिरसम्म आइसक्दा केवल दुई टोली मात्र अन्तिम स्पर्धामा उभिएका छन् । सुदूरपश्चिम र लुम्बिनीबिचको उपाधि भिडन्त रोमाञ्चकतालेे भरिनेछ । अर्केतिर मैदानभित्र व्यक्तिगत रूपमा थाहा नपाउने गरी दुई खेलाडीबिच पनि प्रतिस्पर्धा हुनेछ ।

सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह र लुम्बिनीका कप्तान रोहितबिच एनपिएलमा 'को उत्कृष्ट कप्तान वा रणनीतिकार' हुने भन्ने पनि होडबाजी चल्न सक्छ । व्यक्तिगत रूपमा यस्तो नहुन सक्छ । तर, हरेक राष्ट्रियदेखि अन्तर्राष्ट्रिय प्रतियोगितामा उपाधि विजेता टोलीका कप्तानको चर्चा भइरहने गर्छ ।

दोस्रो संस्करणको उपाधि जसले उचाल्नेछ, तेस्रो संस्करण चलिरहँदा उसको कप्तानीमा विजेता बन्ने भनी चर्चा पाइरहनेछ । यस कारण पनि को उत्कृष्ट कप्तान भन्नुको अर्थ राख्छ । अर्को रमाइलो पक्ष के छ भने यी दुवै टोली राष्ट्रिय टोलीका सिनियर खेलाडीमा पर्छन् । रोहित राष्ट्रिय टोलीका कप्तान र दीपेन्द्रसिंह उपकप्तान हुन् । एकदिवसीयदेखि टी-२० आईसम्म लगातार यी दुवै खेलाडीले नेपालको जितमा योगदान दिइरहेका छन् ।

एनपिएलको उपाधि भिडन्तमा उनीहरूले एक-अर्काको कमिकमजोरीदेखि बलियो पक्षसँग परिचित छन् । सम्भवतः अहिलेसम्म देखिएको रणनीतिभन्दा फाइनलमा बिलकुल योजनाका साथ मैदानमा रोहित र दीपेन्द्रसिंह प्रस्तुत हुन सक्छन् । चालू एनपिएलमा व्यक्तिगत प्रदर्शनमा दुवै उस्तै-उस्ता छन् । दुवैले आ-आफ्नो टोलीलाई फाइनल पुऱ्याउन ब्याटिङ, बलिङ र फिल्डिङमा उत्कृष्ट योगदान दिएका छन् ।

भिनो रनको जितअन्तर



कर्णाली याक्स १२९/९ विरुद्ध जनकपुर बोल्ट्स १२६/७, कर्णाली ३ रनले विजयी

चालू एनपिएलको २८औं खेलमा कर्णाली र जनकपुरबिच खेल भएको थियो । कर्णालीले जनकपुरमाथि रोमाञ्चक तीन रनको जित निकालेको थियो । चालू एनपिएलमा यो नतिजा नै अहिलेसम्म सबैभन्दा कम जितको अन्तरका रूपमा रह्यो । पहिलो ब्याटिङ गरेको कर्णालीले नौ विकेट गुमाएर एक सय २९ रनको योगफल खडा गऱ्यो । प्रत्युत्तरमा जनकपुरले २० ओभरमा सात विकेटको क्षतिमा एक सय २६ रन जोड्दा कर्णाली तीन रनले विजयी भयो । प्रतिस्पर्धामा कर्णालीका विलियम वोसिस्टोले ब्याटिङमा १५ रन जोडेका थिए । बलिङमा उनले १८ रन खर्चेर दुई विकेट हात पारे । उनी खेलका म्यान अफ दी म्याच भए ।

विराटनगर किंग्स १३५/७ विरुद्ध जनकपुर बोल्ट्स १२६/९, विराटनगर ९ रनले विजयी

विराटनगरले एनपिएलको नवौं खेलमा जनकपुरविरुद्ध खेलेको थियो । एनपिएलमा यो खेल रोमाञ्चक रूपमा रह्यो । विराटनगरले साबिक विजेता जनकपुरमाथि नौ रनको जित हात पारेको थियो । पहिलो ब्याटिङ गरेको कर्णालीले सात विकेटको क्षतिमा एक सय ३५ रन बनायो । प्रत्युत्तरमा जनकपुरले २० ओभरमा नौ विकेटको क्षतिमा एक सय २६ रन जोडेको थियो । यस खेलमा विराटनगरका कप्तान सन्दीप लामिछानेले उत्कृष्ट बलिङ स्पेल गरेका थिए । उनले ११ रन मात्र खर्चेर जनकपुरका चार खेलाडीलाई आउट पारेका थिए । उनी खेलका म्यान अफ दी म्याच भए । उनले इनिङ्सको १७औं ओभरमा महत्त्वपूर्ण दुई विकेट लिँदै खेल विराटनगरतर्फ ल्याएका थिए ।

काठमाडौं गोर्खाज १६५/८ विरुद्ध पोखरा एभेन्जर्स १५२/१०, काठमाडौं १३ रनले विजयी

एनपिएलको २३औं खेल काठमाडौं गोर्खाज र पोखरा एभेन्जर्सबिच थियो । यी दुवै टोलीलाई प्ले अफ स्थानको आशा जीवितै बनाउन जित निकाल्नुपर्ने थियो । यस किसिमको समीकरणमा काठमाडौंले पोखरामाथि बाजी मार्‍यो । त्यो पनि केवल १३ रनको अन्तरले काठमाडौं विजयी भयो । पहिलो ब्याटिङ गरेको काठमाडौंले आठ विकेट गुमाएर एक सय ६५ रन बनाएको थियो । प्रत्युत्तरमा पोखराले २० ओभरमा सबै विकेट गुमाएर एक सय ५२ रन जोडेको थियो । यस खेलमा भीम सार्कीले काठमाडौंका लागि विस्फोटक ब्याटिङ गरी २३ बलमा ५५ रनको योगदान दिएका थिए ।

सुदूरपश्चिम रोयल्स १९३/७ विरुद्ध पोखरा एभेन्जर्स १७५/८, सुदूरपश्चिम १८ रनले विजयी

एनपिएलको छैटौं खेल सर्वाधिक रोमाञ्चकताले भरिएको थियो । सुदूरपश्चिम र पोखराबिचको खेलमा दर्शकले छक्का र चौकाको वर्षा हेर्न पाए । सुदूरपश्चिमले पहिलो ब्याटिङ गरी सात विकेट गुमाएर एक सय ९३ रन बनाएको थियो । पोखराले अन्तिमसम्म जितको आशा कायमै राखी ब्याटिङ गऱ्यो । तर, पोखराले २० ओभरमा आठ विकेट गुमाएर एक सय ७५ रन बनाउँदै १८ रनको नमिठो हार सामना गऱ्यो । सुदूरपश्चिमका अस्ट्रेलियन जोस ब्राउनले ३५ बलमा ६८ रनको योगदान दिएका थिए । पोखराका लागि कप्तान कुशल भुर्तेलले ३२ बलमा ५० रन, जिमी निसमले २५ बलमा ४७ रन तथा डानले १६ बलमा ३७ रन जोड्दा पनि जित निकाल्न सकेनन् ।

काठमाडौं गोर्खाज १५७/८ विरुद्ध लुम्बिनी लायन्स १३५/१०, काठमाडौं २२ रनले विजयी

लिग चरणको ११औं खेलमा काठमाडौंले लुम्बिनीमाथि २२ रनको जित निकालेको थियो । चालू एनपिएलको यो पाँचौं कम जितअन्तर थियो । पहिलो ब्याटिङ गरेको काठमाडौंले २० ओभरमा आठ विकेट गुमाएर एक सय ५७ रन बनायो । प्रत्युत्तरमा लुम्बिनीले १९.१ ओभरमा सबै विकेट गुमाएर एक सय ३५ रन बनाउँदा काठमाडौं २२ रनले विजयी भयो । यो प्रतिस्पर्धामा एक मात्र खेलाडीले खेलको नतिजा नै फरक पारे । काठमाडौंका कप्तान करण केसीले ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरे । उनले ब्याटिङका क्रममा ११ बलमा ३४ रन जोडे भने बलिङमा एक विकेट हात पारे ।

भनाइ

लुम्बिनीविरुद्ध खेल्न तयार छौं

●**जगत टमाटा**, प्रशिक्षक, सुदूरपश्चिम



सुदूरपश्चिमले सुरुदेखि प्लेअफसम्म उत्कृष्ट प्रदर्शन गरेको थियो । सबै खेलाडी फिट छन् । कोही पनि घाइते छैन । एनपिएलमा लुम्बिनीले पछिल्लो समयमा राम्रो क्रिकेट खेलेको छ । विराटनगर वा लुम्बिनीमध्ये जो आए पनि फाइनलमा खेल्न हामी तयार थियौं । लुम्बिनीको कन्फिडेन्स लेबल उच्च छ । उनीहरूले लगातार पाँच खेल जितेर फाइनल यात्रा गरेका छन् । लुम्बिनीको बलिङ पक्ष निकै बलियो पाएँ । क्रिकेट हो, जसले राम्रो खेल्छ, जित उसैको हुन्छ । हेर्यौं, फाइनलमा कसको दिन राम्रो हुनेछ ? मलाई थाहा छैन ।

सुदूरपश्चिम एनपिएलकै राम्रो टोली हो

● **रोहित पौडेल**, कप्तान, लुम्बिनी



हामी खराब अवस्थाबाट गुज्रिँदै फाइनलमा पुगेका हौं । लिग चरणमा लगातार तीन खेल हार्नु र त्यसपछि तीनवटै खेल जित्दै प्लेअफ स्थान सुरक्षित भयो । टिमवर्कको भावनामा सबै खेलाडीले प्रतिस्पर्धा गर्दै आइरहेका छन् । हामीभन्दा अगाडि नै फाइनल पुगेको सुदूरपश्चिम निकै राम्रो टोली हो । उसले सबै खेलमा उत्कृष्ट प्रदर्शन गरेको छ । उपाधि भिडन्तमा सुदूरपश्चिमलाई चुनौती दिन्छौं । उनीहरूको पनि स्पिन बलिङ राम्रो छ । हामीले ब्याटिङमा सुधार गर्नुपर्छ । सुदूरपश्चिमविरुद्ध ब्याटिङमा राम्रो गर्ने प्रयास हुनेछ ।

प्लेयर्स टु वाच

दीपेन्द्रसिंह ऐरी
(सुदूरपश्चिम)



सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह विपक्षी टोलीका लागि टाउको दुखाइ खेलाडी बनिरहेका छन् । ब्याटिङ, बलिङ र फिल्डिङ क्रममा उनले खेलमा नयाँ मोड दिने प्रयास गर्छन् । ब्याटिङमा आक्रामक, बलिङ कसिलो र फिल्डिङमा डाइरेक्ट रनआउट गर्दै प्रतिद्वन्द्वीलाई ब्याक फुटमा पार्ने गर्छन् । यस्तै कारणले सुदूरपश्चिमका खेलाडीहरू फाइनललाई लिएर आत्मविश्वासी बनेका छन् । दीपेन्द्रसिंहले बलिङमा आठ विकेट र ब्याटिङमा एक सय ४९ रन जोडेका छन् । लगातार पाँच खेलमा जित निकाली फाइनल स्थान सुरक्षित गरेको लुम्बिनी लायन्सविरुद्ध सुदूरपश्चिमबाट दीपेन्द्रसिंह प्रभाव पार्न सक्ने खेलाडीका रूपमा रहेका छन् । जसले लुम्बिनीले विपक्षी कप्तानका हरेक मुभमेन्टअनुसार रणनीति बनाउन बाध्य बन्न सक्छ ।

स्कट कुग्गेलिजिन
(सुदूरपश्चिम)



गत वर्षको सिजनमा न्युजिल्यान्डका फास्ट बलर स्कट प्रतियोगिताकै सर्वाधिक विकेटकर्ता बनेका थिए । उनले सर्वाधिक १७ विकेट हात पारेका थिए । सुदूरपश्चिमले फास्ट बलरमा सर्वाधिक विश्वास गरेका स्कट आफ्नो क्षमताअनुसारै बलिङ गरिरहेका छन् । लिग चरणमा चितवन राइनोजबाहेक अन्य सबै खेलमा उनी विकेटविहीन भएनन् । समग्रमा उनले सुदूरपश्चिमका लागि आठ खेलमा १० विकेट लिएका छन् । क्वालिफायर वानमा उनले विराटनगरका धुरन्धर ब्याट्सम्यानलाई सहजै पेभेलियन पठाएका थिए । सो खेलमा नौ रन खर्चेर उनले दुई विकेट हात पारे । उपाधि भिडन्तमा सुदूरपश्चिमका लागि उनी पुनः एकपटक स्ट्राइक बलर बन्न सक्छन् ।

रोहित पौडेल
(लुम्बिनी)



लुम्बिनीको फाइनल यात्रामा कप्तान रोहितको भूमिका सर्वाधिक देखिन्छ । लुम्बिनीले अन्तिम दुई स्थान रक्षा गर्दा रोहितले टिमवर्क भावनामा पुगेको बताउँदै आएका छन् । तर, तथ्यांक हेर्ने हो भने उनले नपत्याउँदो रूपमा लुम्बिनीको प्रत्येक खेलमा योगदान दिएकै छन् । चाहे बलिङ वा ब्याटिङ किन नहोस् रोहित अगाडि छन् । ब्याटिङमा अहिलेसम्म अर्धशतक नजोडे पनि रोहित सर्वाधिक रन बनाउने खेलाडीको तेस्रो स्थानमा पुगिसकेका छन् । उनले नौ खेलबाट दुई सय ६० रन जोडेका छन् । बलिङका क्रममा उनले आठ विकेट हात पारेका छन् । चालू एनपिएलमा उनी एक अलराउन्डर खेलाडीका रूपमा देखिएका छन् । शनिबार निर्णायक खेलमा रोहितले आफ्नो यही फर्मलाई निरन्तरता दिँदा सुदूरपश्चिम दबाबमा पर्न सक्छ ।

रुबेन ट्म्पेलम्यान
(लुम्बिनी)



नामिबियाका रुबेन लुम्बिनीको बलिङ एट्याकटका प्रमुख अस्त्र हुन् । विराटनगर किंग्ससँगको क्वालिफायर २ मा उनले पहिलो ओभरमै सनसनी बलिङ गरेका थिए । न्युजिल्यान्डका मार्टिन गुप्तिल तथा लोकेश बमजस्ता आक्रमक ब्याट्सम्यानलाई रुबेले पहिलो ओभरमै सिकार गरे । यही उनको पहिलो ओभरको उत्कृष्ट स्पेलका कारण नै लुम्बिनीले विराटनगरमाथि खेलको अन्तिमसम्मै दबाबमा राख्यो । पावर प्ले तथा डेथ ओभरमा कसिलो बलिङ गर्दै विकेट लिन सक्ने रुबेनले शनिबार यस्तै प्रदर्शन गर्ने अपेक्षा राखेको छ । चालू एनपिएलमा उनले नौ खेलमा १२ विकेट लिएका छन् । बलिङ मात्र नभएर ब्याटिङमा समेत उनी राम्रा छन् । यसको फाइदा लुम्बिनीले प्रत्येक खेलमा लिइरहेको छ ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com